मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

राष्ट्रलाई अप्ठेरोका बेला दलहरूबीच सहकार्य हुँदै आएको छः दाहाल

समाचार पृष्ठ ५ मा



वर्ष ४ · अंक ९० · २०८२ साल फागुन ०१ गते शुक्रबार · Friday 13, February 2026 · सूर्योदय: बिहान ०६:४४ बजे · सूर्यास्त: साँझ ५:५५ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

## मधेशमा स्वतन्त्र उम्मेदवारको बाढीः रणनीति 'डमी' खेल र सुरक्षाको चुनौती !




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

फागुन २१ गते निर्धारित प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा देशभर चुनावी प्रतिस्पर्धा तीव्र बन्दै गएको छ । निर्वाचन आयोगका विवरणअनुसार यसपटक ६६ राजनीतिक दलका उम्मेदवार र स्वतन्त्र गरी कुल ३ हजार ४ सय ६ जना प्रतिस्पर्धामा छन् । तीमध्ये १ हजार १ सय ४३ जना स्वतन्त्र उम्मेदवार रहेका छन्, जसले चुनावी परिदृश्यलाई विशेष बनाएको छ । तर सबैभन्दा बढी ध्यान खिचेको क्षेत्र भने मधेश प्रदेश बनेको छ, जहाँ स्वतन्त्र उम्मेदवारको असाधारण उपस्थिति देखिएको छ ।

मधेशका ८ जिल्लामा फैलिएका ३२ निर्वाचन क्षेत्रमा उम्मेदवारहरूको संख्या मात्र ठूलो छैन, स्वतन्त्र उम्मेदवारको अनुपात पनि दलगतभन्दा उल्लेखनीय रूपमा बढी छ। उपलब्ध तथ्यांकअनुसार मधेशमा १ हजार २७ जना उम्मेदवारमध्ये ५५४ जना स्वतन्त्र र ४७३ जना मात्रै दलसँग आबद्ध छन् । रोचक कुरा के छ भने देशका अन्य सबै प्रदेशमा रहेका स्वतन्त्र उम्मेदवारको संख्या जोड्दा पनि मधेशमा रहेका स्वतन्त्र उम्मेदवार बराबर पुग्दैन। कोशीमा ९१, बागमतीमा २३१, गण्डकीमा ३०, लुम्बिनीमा १९७, कर्णालीमा १२ र सुदूरपश्चिममा २८ स्वतन्त्र उम्मेदवार मात्रै दर्ता भएका छन् ।

मधेशभित्र पनि केही जिल्लामा स्वतन्त्र उम्मेदवारको संख्या दलगतभन्दा निकै अगाडि देखिएको छ । धनुषाका चारवटै निर्वाचन क्षेत्रमा ५२ दलगत उम्मेदवारको तुलनामा १०६ स्वतन्त्र उम्मेदवार मैदानमा छन् । धनुषा–१ र ३ मा २९–२९ तथा २ र ४ मा २४–२४ स्वतन्त्र उम्मेदवार रहेका छन् । महोत्तरीमा ५६ दलगत र ८३ स्वतन्त्र गरी १३९ उम्मेदवार छन् भने रौतहटमा ६५ दलगतका विरुद्ध ७७ स्वतन्त्र उम्मेदवार प्रतिस्पर्धामा छन् । सिरहामा ५३ दलगत र ८५ स्वतन्त्र उम्मेदवार दर्ता भएका छन् । सर्लाहीका चार निर्वाचन क्षेत्रमा ७० स्वतन्त्र उम्मेदवार छन्, जुन दलगतभन्दा बढी हो । पर्सा, बारा र सप्तरीमा भने दलगत उम्मेदवार केही अगाडि देखिएका छन् ।

स्वतन्त्र उम्मेदवारको यो असामान्य वृद्धिको कारणबारे चुनावी वृत्तमा विभिन्न चर्चा छन् । प्रमुख रूपमा 'डमी उम्मेदवारी' को अभ्यासलाई यसको कारण मानिएको छ । केही दल र उम्मेदवारहरूले चुनावी रणनीतिअन्तर्गत आफ्नै पक्षमा काम गर्ने व्यक्तिहरूलाई स्वतन्त्र उम्मेदवारका रूपमा खडा गर्ने गरेको अनौपचारिक स्वीकारोक्ति गरेका छन् । यसरी उम्मेदवार बढाउँदा प्रचारप्रसार, सवारी साधनको प्रयोग र चुनावी वातावरण निर्माणमा सहजता हुने उनीहरूको भनाइ छ ।

धनुषा–३ का एक उम्मेदवारले आफूले पाँच जना 'डमी' उम्मेदवार खडा गरेको दाबी गर्दै ती सबै आफ्नै अभियानमा सक्रिय रहेको बताएका छन् । सिरहा–३ का अर्का उम्मेदवारले त सात जना डमी उम्मेदवार उठाएको उल्लेख गर्दै यसलाई मधेशको पुरानै चुनावी अभ्यास भएको टिप्पणी गरेका छन् । उनीहरूका अनुसार अन्तिम समयमा समर्थन देखाएर बार्गेनिङ गर्ने शैली यहाँ नयाँ होइन ।

महिला, दलित र अल्पसंख्यक समुदायका उम्मेदवारलाई मनोनयन शुल्कमा ५० प्रतिशत छुट हुने व्यवस्थाले पनि डमी उम्मेदवारीलाई बढावा दिएको बताइन्छ । प्रतिनिधिसभा सदस्यका उम्मेदवारले १० हजार रुपैयाँ धरौटी बुझाउनुपर्ने व्यवस्था छ, तर छुट पाउने समूहलाई प्रयोग गरेर मनोनयन दर्ता गराउने प्रवृत्ति देखिएको आरोप छ । यसले स्वतन्त्र उम्मेदवारको संख्या बढाउन भूमिका खेलेको जानकारहरू बताउँछन् ।

उता, अत्यधिक स्वतन्त्र उम्मेदवारको उपस्थितिले सुरक्षा निकायलाई पनि चिन्तित बनाएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी गोविन्द थपलियाले स्वतन्त्र उम्मेदवारको उच्च संख्याले सुरक्षा व्यवस्थापनमा थप जटिलता थपिएको बताएका छन् । उनका अनुसार मधेशमा ५० प्रतिशतभन्दा बढी उम्मेदवार स्वतन्त्र रहेकाले उनीहरूलाई विशेष निगरानीमा राखिएको छ । कतिपय स्वतन्त्र उम्मेदवारलाई विवाद सिर्जना गर्न वा निर्वाचन अवरुद्ध पार्न प्रयोग हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै सुरक्षा संयन्त्र सतर्क अवस्थामा रहेको उनको भनाइ छ ।

यसरी हेर्दा मधेश प्रदेश यसपटकको निर्वाचनमा स्वतन्त्र उम्मेदवारको 'हब' जस्तै बनेको छ । तर यीमध्ये कति उम्मेदवार वास्तविक प्रतिस्पर्धाका लागि उत्रिएका छन् र कति रणनीतिक उद्देश्यले खडा गरिएका छन् भन्ने प्रश्न भने मतदाताका लागि सोचनीय बनेको छ । स्वतन्त्र उम्मेदवारको बढ्दो उपस्थितिले लोकतन्त्रको विविधता देखाए पनि यसको आडमा हुने रणनीतिक खेलले निर्वाचनको शुद्धतामाथि प्रश्न उठाएको छ ।

### प्रदेश कार्यसम्पादन मूल्याङ्कनमा

## 'मधेश' पुनः पुछारमा, पाँच सूचकमा शून्य अंक




**मधेशदृष्टि**
**जनकपुरधाम।**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको प्रदेश सरकारहरूको कार्यसम्पादन मूल्यांकनमा मधेश प्रदेश फेरि सबैभन्दा कमजोर सावित भएको छ। आयोगले बिहीबार सार्वजनिक गरेको विवरण अनुसार मधेश प्रदेशले जम्मा २७.२८ अंक मात्र प्राप्त गरेको छ, जुन सातै प्रदेशमध्ये न्यूनतम हो। आयोगले प्रदेशहरूको कार्यसम्पादन मूल्यांकन ११ वटा सूचकका आधारमा गर्दै आएको छ। पछिल्लो मूल्यांकनमा मधेश प्रदेशले तीमध्ये पाँच सूचकमा शून्य अंक पाएको छ । यसले प्रदेश सरकारको प्रशासनिक क्षमता, वित्तीय अनुशासन र नीतिगत कार्यान्वयनप्रति गम्भीर प्रश्न खडा गरेको छ।

शून्य अंक प्राप्त भएका सूचकहरूमा आर्थिक वर्ष २०८०÷८१ को लेखापरीक्षणबाट औँल्याइएको बेरुजुको अवस्था, प्रदेश कानुनअनुसार स्थानीय तहलाई सशर्त अनुदान वितरणको आधार लागू नगरेको अवस्था, आर्थिक वर्ष २०८१÷८२ मा सवारी साधन करबाट संकलित ४० प्रतिशत रकम मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा नगरेको विषय, बजेट कार्यान्वयनसम्बन्धी वार्षिक समीक्षा समयमै सार्वजनिक नगरेको अवस्था, प्रदेशस्तरीय वायु गुणस्तर सूचकांक तथा व्यवस्थित वन क्षेत्र विस्तारको प्रतिशत समावेश छन्।

मधेश प्रदेशले पछिल्ला वर्षहरूमा निरन्तर घट्दो कार्यसम्पादन अंक प्राप्त गर्दै आएको देखिन्छ। आर्थिक वर्ष २०७८÷७९ मा ४५ अंक पाएको प्रदेश २०७९÷८० मा ३७.३१ र २०८०÷८१ मा ३० अंकमा सीमित भएको थियो। चालु मूल्यांकनमा उक्त अंक झनै घट्दै २७.२८ मा झरेको छ।

कार्यसम्पादनमा देखिएको यो गिरावटको प्रत्यक्ष असर संघीय सरकारबाट प्राप्त हुने अनुदानमा परेको छ। आयोगको मूल्यांकनकै आधारमा मधेश प्रदेशले चालु आर्थिक वर्ष २०८२÷८३ मा अघिल्लो वर्षको तुलनामा कम वित्तीय समानीकरण अनुदान प्राप्त गरेको थियो। यही प्रवृत्ति कायम रहे आगामी आर्थिक वर्ष २०८३÷८४ मा समेत संघीय अनुदानमा थप कटौती हुने संकेत देखिएको छ।

आयोगले चालु आर्थिक वर्षमा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानस्वरूप ७ अर्ब ७२ करोड १९ लाख रुपैयाँ वितरण गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ।

प्रदेशगत तुलना गर्दा सुदूरपश्चिम प्रदेशले सबैभन्दा बढी ४५.७० अंक प्राप्त गर्दै पहिलो स्थान हासिल गरेको छ। त्यसपछि कोशी प्रदेशले ४४.२९, बागमतीले ४२.४६, गण्डकीले ३७.९१, लुम्बिनीले ३४.७१ र कर्णालीले ३२.२६ अंक प्राप्त गरेका छन्।

उल्लेखनीय पक्ष के छ भने सातै प्रदेशले अघिल्लो वर्षको तुलनामा यसपटक कम अंक पाएका छन् । यद्यपि, मधेश प्रदेशको गिरावट भने सबैभन्दा गहिरो देखिएको छ।

लगातार कमजोर कार्यसम्पादन देखिँदै आएको मधेश प्रदेशका लागि वित्तीय अनुशासन कायम गर्नु, पारदर्शिता बढाउनु र नीति कार्यान्वयनमा सुधार गर्नु अपरिहार्य देखिएको छ । अन्यथा संघीय अनुदानमा हुने कटौतीले प्रदेशका विकास योजना, सार्वजनिक सेवा प्रवाह र समग्र प्रशासनिक क्षमता थप कमजोर बन्ने जोखिम बढ्ने निश्चित देखिन्छ।

मधेशका स्थानीय तह पनि कमजोर

प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कनमा मधेस प्रदेशका धेरैजसो स्थानीय तह कमजोर देखिएका छन्। विशेषगरी, सबैभन्दा कमजोर १० स्थानीय तहको सूचीमा परेका सबै पालिकाहरू मधेस प्रदेशकै रहेका छन्।

मूल्याङ्कन नतिजा अनुसार रौतहटको देवाही गोनाही नगरपालिकाले देशभरमै सबैभन्दा कम ३०.९१ अङ्क प्राप्त गर्दै कार्यसम्पादनमा सबैभन्दा कमजोर स्थानीय तहको सूचीमा पहिलो स्थानमा परेको छ।

स्थानीय तहहरूले गर्ने बजेट तर्जुमा, खर्चको अवस्था, राजस्व परिचालन, सुशासन, सेवा प्रवाहलगायतका १७ वटा सूचकका आधारमा गरिएको यस मूल्याङ्कनमा मधेसका अधिकांश स्थानीय तहको प्रदर्शन सन्तोषजनक देखिएको छैन।

कमजोर कार्यसम्पादन गर्ने सूचीको दोस्रो स्थानमा पनि रौतहटकै वृन्दावन नगरपालिका रहेको छ, जसले ३१.६९ अङ्क प्राप्त गरेको छ । त्यस्तै, धनुषाको धनौजी गाउँपालिका ३२.८१ अङ्कसहित तेस्रो र पर्साको धोबिनी गाउँपालिका ३२.८८ अङ्कसहित चौथो स्थानमा सूचीकृत भएका छन् ।

मूल्याङ्कनमा धनुषाको सबैला नगरपालिकाले ३४ अङ्क प्राप्त गर्दा सप्तरीको अग्नीसयर कृष्ण सवरन गाउँपालिकाले ३४.८१ अङ्क मात्र जोड्न सफल भएको छ । यसैगरी, धनुषाकै नगराइन नगरपालिका र महोत्तरीको सोनमा गाउँपालिका दुवैले समान ३५ अङ्क प्राप्त गरेका छन्।

कमजोर प्रदर्शन गर्ने १० स्थानीय तहको सूचीमा सर्लाहीको चन्द्रनगर गाउँपालिका ३५.१६ अङ्कसहित नवौँ र रौतहटको फतुवा विजयपुर नगरपालिका ३५.४१ अङ्कसहित दशौँ स्थानमा रहेका छन्।

विशेषगरी रौतहट र धनुषा जिल्लाका स्थानीय तहहरू कार्यसम्पादनमा निकै पछाडि परेको यस तथ्याङ्कले देखाएको छ । लेखापरीक्षण, बेरुजुको अवस्था, विद्यालयमा विद्यार्थी टिकाउ दर, तथा स्वास्थ्य सेवा जस्ता आधारभूत सूचकहरूमा यी स्थानीय तहहरूको स्कोर न्यून रहेको छ।

कार्यसम्पादनमा कमजोर देखिएका स्थानीय तहहरूले आगामी दिनमा संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानमा कटौतीको सामना गर्नुपर्ने सम्भावना समेत रहेको छ।

## मिर्चैयामा मोटरसाइकल चोरी बढ्दो
## दुई महिनामा झण्डै दुई दर्जनबढी मोटरसाइकल चोरी

मधेशदृष्टि
सिरहा।



सिरहाको मिर्चैया क्षेत्रमा पछिल्लो समय मोटरसाइकल चोरीका घटना बढ्दै गएका छन् । बजार क्षेत्रमै पार्किङ गरिएका सवारीसाधन हराउन थालेपछि स्थानीय बासिन्दा त्रसित बनेका छन्।

मिर्चैया नगरपालिका–७ निवासी राजाराम यादवले गत २० गते साँझ कटारी चोकमा आफ्नो मोटरसाइकल राखेर बजारतर्फ किनमेल गर्न गएका थिए । केही समयपछि फर्कँदा स ८ प ३८९९ नम्बरको १५० सीसीको पल्सर मोटरसाइकल पार्किङ स्थलबाट गायब भइसकेको थियो। आफन्त र चिनजानका व्यक्तिसँग खोजी गर्दा पनि नभेटिएपछि उनले प्रहरीमा उजुरी दिएका छन् । प्रहरीले अनुसन्धान अघि बढाएको जनाएको छ, तर मोटरसाइकल अझै फेला परेको छैन । यसैबीच, गत मंगलबार मिर्चैयामै अर्को मोटरसाइकल चोरी भएको छ। थाना चोक नजिकै बजार जाने सडक छेउमा राखिएको मप्र ०१–००५–५८४८ नम्बरको १५० सीसी पल्सर साँझ करिब ९ बजेतिर हराएको हो । मोटरसाइकलका धनी अरुण महासेठले इलाका प्रहरी कार्यालयमा निवेदन दिएका छन्। उक्त मोटरसाइकलको खोजी कार्य जारी रहे पनि हालसम्म बरामद हुन सकेको छैन।

यी दुई घटना मात्र प्रतिनिधि उदाहरण भएको स्थानीय बताउँछन् । पछिल्ला दुई महिनाको अवधिमा मिर्चैया बजार तथा आसपासका बस्तीबाट झण्डै दुई दर्जन मोटरसाइकल चोरी भएको अनुमान गरिएको छ। यस अवधिमा इलाका प्रहरी कार्यालय मिर्चैयामा मात्रै १६ वटा चोरीसम्बन्धी उजुरी दर्ता भएको छ।

बढ्दो चोरीका घटनाले स्थानीयवासीमा असुरक्षा भावना बढेको छ । प्रहरी भने चोरी नियन्त्रणका लागि निगरानी बढाइएको र संलग्न व्यक्तिको खोजी तीव्र बनाइएको बताउँदै आएको छ।

## ट्याक्टर दुर्घटनाः रोटाभेटरमा परेर दुई बालिकाको मृत्यु



**मधेशदृष्टि**
**महोत्तरी।**

महोत्तरीको मटिहानी नगरपालिका–४ मझौरा क्षेत्रमा ट्याक्टर दुर्घटना हुँदा दुई जना बालिकाको ज्यान गएको छ । बिहीबार दिउँसो खेत जोत्ने क्रममा ट्याक्टरको रोटाभेटरमा परेर ७ र ८ वर्षीया बालिकाको घटनास्थलमै मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार मटिहानी–४ निवासी गरिब आलमले चलाइरहेको ज १ त ९७८२ नम्बरको ट्याक्टर खेत जोत्ने क्रममा दुर्घटनामा परेको थियो । सो ट्याक्टरमा स्थानीय ईमराईन राईनकी ७ वर्षीया छोरी फरहाना खातुन र सिरहा नगरपालिका–११ मरडा निवासी सम्तुला राईनकी ८ वर्षीया छोरी रफिया खातुन चढेका थिए। प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टका अनुसार ट्याक्टरबाट खस्ने क्रममा दुवै बालिका पछाडितर्फ जडान गरिएको रोटाभेटरमा परेका थिए, जसका कारण उनीहरूको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनापछि ट्याक्टर चालक फरार रहेको प्रहरीले जनाएको छ । ट्याक्टरका धनी मटिहानी–४ का ४२ वर्षीय फुल महम्मद रहेको पुष्टि गरिएको छ।

फरार चालकको खोजी कार्य तीव्र पारिएको र घटनासम्बन्धी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । मृतक बालिकाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको छ।

# मधेश प्रदेशमा दलित, विपन्न, मुस्लिम तथा जेहेन्दार छात्राका लागि छात्रवृत्ति कार्यक्रमको घोषणा




**जनकपुरधाम ।**
मधेश प्रदेश सरकार अन्तर्गत शिक्षा तथा संस्कृति मन्त्रालयको शिक्षा विकास निर्देशनालयले दलित, विपन्न, मुस्लिम तथा जेहेन्दार छात्राहरूलाई लक्षित गर्दै उच्च शिक्षाका लागि छात्रवृत्ति कार्यक्रम घोषणा गरेको छ । आर्थिक वर्ष २०८२÷०८३ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत चार समूहका छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्न निर्देशनालयले ३० दिने सार्वजनिक सूचना जारी गरेको हो ।
निर्देशनालयका अनुसार मधेश प्रदेशभित्र स्थायी बसोबास रहेका तथा स्नातक वा सोभन्दा माथिल्लो तहमा अध्ययनरत छात्राहरूले सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र, अर्थात् २०८२ फागुन २६ गतेसम्म आवेदन दिन सक्नेछन् । विद्यार्थी स्वयं वा अभिभावकमार्फत
निर्देशनालयमा तोकिएको ढाँचामा आवेदन दर्ता गर्न सकिने व्यवस्था गरिएको छ । आवेदन फाराम निर्देशनालयको वेबसाइटबाट डाउनलोड गर्न सकिने जनाइएको छ ।
छात्रवृत्ति प्राप्त गर्न जेहेन्दार छात्राका हकमा कम्तीमा २.८ जीपीए वा प्रथम श्रेणी अनिवार्य गरिएको छ भने दलित, विपन्न तथा मुस्लिम समूहका छात्राहरूका लागि न्यूनतम १.६ जीपीए आवश्यक पर्नेछ । आवेदक छात्रा मधेश प्रदेशमा जन्मिएकी हुनुपर्ने र सामुदायिक माध्यमिक विद्यालयबाट कक्षा १२ वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी सामुदायिक वा सरकारी क्याम्पस वा विश्वविद्यालयमा स्नातक वा सोभन्दा माथिल्लो तहमा अध्ययनरत हुनुपर्ने शर्त राखिएको छ ।
त्यसैगरी, अध्ययन गरेको विद्यालय सामुदायिक भएको प्रमाण स्थानीय तहको शिक्षा शाखा वा शिक्षा विकास तथा समन्वय इकाइबाट प्रमाणित गराएको पत्र पेश गर्नुपर्नेछ । दलित तथा मुस्लिम छात्राका लागि सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिस आवश्यक हुने छ भने विपन्न समूहका छात्राका लागि सम्बन्धित पालिका वा वडा कार्यालयको सिफारिस अनिवार्य गरिएको छ ।
छात्रवृत्ति रकम छात्राको नाममा रहेको बैंक खातामा जम्मा गरिने भएकाले आफ्नै नाममा बैंक खाता खोलिएको हुनुपर्ने र अद्यावधिक चेकको प्रतिलिपि पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । निर्देशनालयका अनुसार साधारण धारतर्फ अध्ययनरत छात्राले वार्षिक २५ हजार रुपैयाँ र प्राविधिक धारतर्फ अध्ययनरत छात्राले वार्षिक ३५ हजार रुपैयाँ छात्रवृत्ति प्राप्त गर्नेछन् ।
शिक्षा विकास निर्देशनालयले प्रदेशका सबै शिक्षा विकास तथा समन्वय इकाइहरूलाई आवेदन फाराम संकलन तथा समन्वयमा सहयोग गर्न अनुरोध गरेको छ । निमित्त निर्देशक महेन्द्र महतोद्वारा जारी सूचनामा लक्षित समुदायका छात्राहरूलाई समयमै आवेदन दिन आग्रह गरिएको छ ।

# छपकैयामा जसपा कार्यालय उद्घाटन
# १५० भन्दा बढी नेताकार्यकर्ता पार्टीमा समाहित



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. १ छपकैया स्थित जनता समाजवादी पार्टी (जसपा) को नयाँ पार्टी कार्यालय औपचारिक रूपमा सञ्चालनमा आएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै प्रचारप्रसार अभियानका क्रममा आयोजित कार्यक्रमबीच उक्त कार्यालय उद्घाटन गरिएको हो ।
जसपाबाट पर्सा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार अशोक टेमानीले रिबन काटेर कार्यालय उद्घाटन गरेका थिए । कार्यक्रमको अवसरमा विभिन्न राजनीतिक दल परित्याग गरी १५० भन्दा बढी नेताकार्यकर्ता जसपामा प्रवेश गरेका छन् । नवप्रवेशीहरूलाई पूर्वमन्त्री तथा जसपाका नेता रमेश कुर्मी, जसपा नेतृ करिमा बेगम र उम्मेदवार टेमानीले अविर टिका लगाई स्वागत गरेका थिए ।
उद्घाटन समारोहमा जसपाका स्थानीय नेता कार्यकर्ता, समर्थक तथा छपकैया आसपासका बासिन्दाको उल्लेख्य उपस्थिति रहेको थियो । सहभागीहरूले नयाँ कार्यालय सञ्चालनसँगै पार्टीको संगठनात्मक गतिविधि थप सशक्त हुने अपेक्षा व्यक्त गरेका थिए ।
कार्यक्रमलाई सम्बोधन गर्दै उम्मेदवार टेमानीले पार्टी कार्यालय केवल प्रचारप्रसारको केन्द्र मात्र नभई जनताका समस्या, सुझाव र अपेक्षा सुन्ने साझा थलोका रूपमा प्रयोग गरिने बताए ।
उनले चुनावी अभियानलाई जनतामुखी बनाउँदै घरदैलो, भेटघाट र संवादलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । 'यो कार्यालय जनताको आवाज सुन्ने र समाधानका लागि पहल गर्ने थलो हुनेछ,' उनले भने ।
पूर्वमन्त्री रमेश कुर्मीले जसपाले सधैं सामाजिक न्याय, समावेशी विकास र जनअधिकारका मुद्दालाई प्राथमिकतामा राखेको उल्लेख गर्दै पर्सा क्षेत्र नं. २ मा पार्टीप्रति बढ्दो आकर्षण त्यसैको परिणाम भएको बताए । जसपा नेतृ करिमा बेगमले महिलाको सशक्तीकरण, शिक्षा र स्वास्थ्यका सवालमा पार्टीको स्पष्ट दृष्टिकोण रहेको उल्लेख गर्दै मतदातालाई परिवर्तनका पक्षमा उभिन आग्रह गरिन् ।
कार्यक्रममा पार्टी प्रवेश गर्नेहरूले जसपाको नीति, विचार र स्थानीय मुद्दाप्रतिको प्रतिबद्धताबाट प्रभावित भई पार्टी रोजेको बताएका थिए । उनीहरूले निर्वाचनमा सक्रिय भूमिका खेल्दै पार्टीलाई विजयतर्फ लैजान योगदान दिने प्रतिबद्धता जनाएका छन् ।
छपकैयामा कार्यालय सञ्चालन र ठूलो संख्यामा पार्टी प्रवेशले पर्सा क्षेत्र नं. २ मा चुनावी माहोल थप सक्रिय बनेको देखिएको छ । उम्मेदवार टेमानीले चुनावी प्रचारप्रसार अभियानलाई तीव्र बनाउँदै विभिन्न टोल–वस्तीमा भेटघाट कार्यक्रमलाई निरन्तरता दिएका छन् ।
जसपामा युवा, अनुभवी, शिक्षित तथा विकासप्रेमी नेतृत्वको रूपमा स्थापित हुँदै गएका टेमानीप्रति स्थानीय तहमा सकारात्मक चर्चा बढ्दै गएको पार्टी स्रोतको दाबी छ । बढ्दो जनसम्पर्क र संगठन विस्तारसँगै पर्सा क्षेत्र नं. २ मा जसपाको उपस्थितिलाई मतदाताले नजिकबाट नियालिरहेको देखिन्छ । पार्टी कार्यालय सञ्चालनसँगै संगठनात्मक बैठक, मतदाता संवाद र प्रचारप्रसारका कार्यक्रम नियमित रूपमा सञ्चालन गरिने जनाइएको छ ।

# विद्यार्थीहरुको निःशुल्क स्वास्थ्य परीक्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
सानो दीप संस्थाको आयोजनामा श्री शारदा माध्यमिक विद्यालयमा निःशुल्क आँखा, दाँत तथा रक्त समूह परीक्षण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गरिएको थियो ।
आँखा परीक्षणका लागि सामुदायिक आँखा अस्पतालको प्राविधिक टोलीले सेवा प्रदान गरेको थियो भने दाँत परीक्षण बुद्ध अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले गरेका थिए । साथै, विद्यार्थीहरूको रक्त समूह परीक्षणसमेत निःशुल्क रूपमा गरिएको आयोजकले जनाएको छ ।
कार्यक्रमको उद्देश्य विद्यार्थीहरूमा स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्नुका साथै प्रारम्भिक चरणमै सम्भावित रोग पहिचान गरी आवश्यक उपचारतर्फ मार्गदर्शन गर्नु रहेको संस्थाले जनाएको छ । परीक्षणका क्रममा थप उपचार आवश्यक परेका विद्यार्थीहरूलाई सम्बन्धित स्वास्थ्य संस्थामा सिफारिससमेत गरिएको थियो ।
कार्यक्रममा सानो दीप संस्थाका अध्यक्ष कृष पटेल, सचिव दिव्यांशु कर्ण तथा सदस्यहरू सुरज चौधरी, स्नेहा कुशवाहा, मुस्कान र झा लगायतको सक्रिय उपस्थिति तथा सहयोग रहेको थियो । उनीहरूको सहभागिताले कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेलेको बताइएको छ ।
संस्थाका अध्यक्ष कृष पटेलले आगामी दिनमा पनि विद्यार्थीहरूको शैक्षिक, स्वास्थ्य तथा व्यक्तित्व विकाससँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे । विद्यालय प्रशासनले यस्ता उपयोगी कार्यक्रमबाट विद्यार्थीहरू प्रत्यक्ष लाभान्वित भएको उल्लेख गर्दै आयोजक संस्था तथा संलग्न स्वास्थ्य संस्थाप्रति आभार व्यक्त गरेको छ ।

## माइग्रेसन सर्टिफिकेट हराएको सम्बन्धी सूचना

मिति २०८२ साल पुस २० गते घरबाट जनकपुरधाम जाने क्रममा तपसिलमा उल्लेखित मेरो माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले तल उल्लेखित ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन यसै सूचना मार्फत हार्दिक अनुरोध गर्दछु।

**तपसिलः**

नाम, थर : बिकास साह
ठेगाना : मटिहानी–०८, महोत्तरी
नागरिकता नं. : १८–०१–७८–०५०८१
योग्यता : १०+२ (उत्तीर्ण भएको माइग्रेसन)
सिम्बोल नं. : २१७००२५२
रजिष्ट्रेसन नं. : ७९२१७००७००९५
सम्पर्क मो. नं. : ९८१५८३५३४३

# परिवर्तनमुखी एजेण्डासहित कानुको जनसम्पर्क



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत पर्सागढी नगरपालिका वडा नम्बर ४ बक्रारवा टोलमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार सुशील कुमार कानुले घरदैलो कार्यक्रमलाई निरन्तरता दिएका छन् । निर्वाचनलाई लक्षित गर्दै सञ्चालन गरिएको उक्त कार्यक्रममा स्थानीयवासीसँग प्रत्यक्ष संवाद र जनसम्पर्क गरिएको थियो ।
घरदैलोका क्रममा उम्मेदवार कानुले जनताको हितमा वास्तविक र प्रभावकारी काम गर्न सक्ने शक्ति रास्वपासँग रहेको विश्वास व्यक्त गरे । उनले विकास, रोजगारी, शिक्षा र कृषिलाई प्राथमिकतामा राख्दै जनताको आवश्यकता र चाहनाअनुसार नीतिगत तथा व्यवहारिक रूपमा काम गर्ने प्रतिबद्धता जनाए ।
कानुले समावेशी विकास, सुशासन र अवसर सिर्जनाको एजेन्डा बोकेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई यसपटक हरहालमा विजयी बनाउन स्थानीय मतदाताहरू एकजुट भई समर्थनमा उभिनुपर्नेमा जोड दिए । उनले निर्वाचित भएसँगै स्थानीय तहका आधारभूत समस्या समाधानलाई प्राथमिकतामा राखेर काम गर्ने बताए ।
घरदैलो कार्यक्रममा सहभागी स्थानीयवासीहरूले पनि रास्वपाको परिवर्तनमुखी एजेण्डाप्रति सकारात्मक प्रतिक्रिया जनाउँदै उम्मेदवार सुशील कुमार कानुलाई समर्थन जनाएका थिए । कार्यक्रममार्फत पर्सा–२ मा रास्वपाले जनआधार विस्तार गर्दै चुनावी अभियानलाई थप तीव्र बनाउँदै लगेको देखिएको छ ।

# शरीरलाई स्वस्थ बनाउने खानामा ध्यान दिन आग्रह

**काठमाडौँ ।**
आहारविद् तथा योग प्रशिक्षक डा राजु अधिकारीले जिब्रोको स्वादभन्दा शरीरलाई स्वस्थ बनाउने खानामा ध्यान दिन आग्रह गरेका छन् । उनले स्वादिष्ट भोजनभन्दा शरीरलाई तन्दुरुस्त बनाउने खानेकुरामा जोड दिनुमै सबैको हित रहेको बताए ।
समाचार समिति (रासस) को ६५ औँ वार्षिकोत्सवका अवसरमा बिहीबार राष्ट्रिय कर्मचारी सङ्घ, राससद्वारा केन्द्रीय कार्यालयमा आयोजित 'सन्तुलित भोजन, स्वस्थ्य जीवन' विषयक कार्यक्रममा डा अधिकारीले स्वस्थ्य रहन सन्तुलित भोजन र स्वस्थ्य जीवनशैली अपनाउनुपर्ने सल्लाह दिए ।
उनले सकारात्मक भाव पैदा गर्ने खानामा दिन सबैले जोड दिन र खानाप्रतिको दृष्टिकोण परिवर्तन गर्न आवश्यक रहेको बताए । डा अधिकारीले भने, 'कम्तीमा दैनिक सात हजार पाइला हिँड्न आवश्यक छ । पत्नु खाना मात्र होइन, पत्नु जीवनशैली नै त्याग्नुपर्छ । ध्यान र योग स्वस्थ्य जीवनशैलीका लागि आवश्यक छ । विषादीजन्य खानेकुराले पार्ने नकारात्मक असरबारे सबै सचेत बन्नुपर्छ ।'
विषादी र प्रदुषणले आहारविहारमा असर पारेकाले योग, व्यायाम र सकारात्मक सोच नै स्वस्थ्यकर जीवनशैलीको मूलमन्त्र रहेकामा कार्यक्रममा चर्चा गरिएको थियो ।
सञ्चारकर्मीका लागि स्वजागरण
वार्षिकोत्सवकै अवसरमा रासस कर्मचारी युनियनले बुधबार 'सञ्चारकर्मीका लागि स्वजागरण' कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा जीवनविज्ञानका प्रशिक्षकहरू डा आरती रेग्मी र कलाकार निर्मला खड्काले स्वजागरण एवं ध्यानका विषयमा प्रस्तुतीकरण तथा अभ्यास गराएका थिए । रासस

# रिजालको घरदैलो अभियान थप सशक्त



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–४ मा चुनावी सरगर्मी बढिरहेका बेला नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य उम्मेदवार रमेश रिजालले घरदैलो अभियानलाई थप प्रभावकारी बनाएका छन् । मतदाताको घरआँगनमै पुगेर समर्थन जुटाउने उद्देश्यसहित उनले बिहीबार बिहान कालिकामाई गाउँपालिका–२ भेडिहारीमा व्यापक घरदैलो कार्यक्रम सञ्चालन गरे ।
घरदैलोका क्रममा रिजाल टोलटोलमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गर्दै विकास, रोजगारी, शिक्षा, स्वास्थ्य र कृषि सुधारलाई आफ्नो प्रमुख प्राथमिकता रहेको बताए । स्थानीयले विगतका अधुरा योजना, पूर्वाधारको कमी तथा रोजगारी अभावबारे आफ्ना गुनासाहरू राखेका थिए । मतदाताका प्रश्न र समस्या सुन्दै रिजालले 'आउँदो पाँच वर्ष पर्सा–४ को समग्र विकासका लागि निर्णायक समय हुने' उल्लेख गर्दै ठोस प्रतिबद्धता जनाए ।
कार्यक्रममा कांग्रेस पर्साका प्रवक्ता रमेश पाण्डे, सहसचिव नवीन सिंह, क्षेत्रीय सभापति श्रीकान्त प्रसाद यादव, नेता सहरुम राउत गद्दी, अजय पटेल, राधाकिशुन चौधरी लगायत स्थानीय नेता तथा कार्यकर्ताको उल्लेखनीय उपस्थिति रहेको थियो ।
नेताहरूले गाउँ गाउँमा बढ्दो सहभागिताले कांग्रेसको अभियान अझ सशक्त बन्दै गएको बताएका छन् ।

# इनड्राइभद्वारा नेपालमा ड्राइभर पार्टनर्सका लागि ०.०१% सेवाशुल्क लागू

**काठमाडौँ ।**
विश्वव्यापी मोबिलिटी तथा अर्बन सेवा प्लेटफर्म इनड्राइभले नेपालका आफ्ना ड्राइभर पार्टनर्सका लागि अत्यन्त न्यून ०.०१ प्रतिशत सेवाशुल्क लागू गरेको घोषणा गरेको छ। फेब्रुअरी २०२६ देखि लागू भएको उक्त पहलले चालकहरूले आफ्नो आम्दानीको लगभग सम्पूर्ण हिस्सा सुरक्षित राख्न सक्ने कम्पनीले जनाएको छ। यसबाट चालकहरूको आर्थिक सशक्तिकरण थप मजबुत हुने अपेक्षा गरिएको छ।
इनड्राइभको पियर–टु–पियर मोडेलअनुसार यात्रु र चालकबीच भाडा पारस्परिक सहमतिमा निर्धारण हुने व्यवस्था छ। कम्पनीका अनुसार लगभग शून्य सेवाशुल्कको नयाँ नीतिले सो प्रणालीलाई अझ प्रभावकारी, पारदर्शी र चालक–मैत्री बनाउँदै ड्राइभर पार्टनर्सलाई प्रत्यक्ष लाभ पुग्नेछ। कम्पनीले यस पहलको उद्देश्य प्लेटफर्मको दीगो सञ्चालन सुनिश्चित गर्दै चालकहरूको वास्तविक आम्दानी वृद्धि गर्नु, उनीहरूको स्वायत्तता सुदृढ गर्नु तथा सेवा प्रदान गर्ने क्रममा निर्णय लिन सक्ने स्वतन्त्रतालाई थप बलियो बनाउनु रहेको जनाएको छ।
यस्तो न्यून सेवाशुल्क संरचनाले इनड्राइभलाई निष्पक्ष मूल्य निर्धारण र "फेयर राइड्स" अवधारणालाई व्यवहारमा उतार्ने अग्रणी प्लेटफर्मका रूपमा स्थापित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।
इनड्राइभ नेपालकी सिनियर ड्राइभर अपरेसन्स स्पेसलिस्ट सुश्री सुनिता जीमी राईले भनिन्, "इनड्राइभमा हामी आफूलाई ठूलो समुदायको एक हिस्सा ठान्छौं।
बलियो समुदाय पारस्परिक सहयोगमा आधारित हुन्छ भन्ने हाम्रो विश्वास छ। ०.०१ प्रतिशत सेवाशुल्क लागू गरेर हामी हाम्रा ड्राइभर पार्टनर्सले बढी कमाउन सकून् भन्ने सुनिश्चित गर्न चाहन्छौं, जसले यात्रुहरूलाई सुरक्षित, निष्पक्ष र किफायती सवारी अनुभव प्रदान गर्न मद्दत गर्छ।"
कम्पनीका अनुसार यो अभियान सिकाइ पहलको रूपमा पनि अघि बढाइनेछ, जसमार्फत ड्राइभर संलग्नता, सेवा गुणस्तर तथा दीर्घकालीन प्लेटफर्म दिगोपनमा न्यून सेवाशुल्कको प्रभाव अध्ययन गरिनेछ।
इनड्राइभले जिम्मेवार विकास, नियामक पालन तथा निष्पक्ष प्रतिस्पर्धाप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै नेपालको विकसित हुँदै गएको डिजिटल तथा गिग–अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउने लक्ष्य राखेको जनाएको छ। साथै, आगामी दिनमा ड्राइभर–केन्द्रित पहल, तालिम कार्यक्रम तथा कल्याणकारी गतिविधिमार्फत पार्टनर्सलाई थप सहयोग गरिने कम्पनीले जनाएको छ।

# जनमतका उम्मेदवार सर्राफको घरदैलो तीव्र, इनर्वामा आयोजित रात्रीसभामा उल्लेख्य जनसहभागिता



**वीरगंज ।**
पर्सा क्षेत्र नं. १ मा जनमत पार्टीका प्रतिनिधिसभा सदस्य उम्मेदवार ओमप्रकाश सर्राफले चुनावी प्रचारप्रसारलाई तीव्र बनाउँदै घरदैलो अभियानलाई निरन्तरता दिएका छन् । यसैक्रममा वीरगंज महानगरपालिका वडा नं. १६ इनर्वामा आयोजित रात्रीसभा उल्लेख्य जनसहभागितासहित सम्पन्न भएको छ । स्थानीय बासिन्दाको बाक्लो उपस्थितिले चुनावी माहोल थप सक्रिय बनेको देखिएको थियो ।

घरदैलो अभियानका क्रममा उम्मेदवार सर्राफले मतदातासँग प्रत्यक्ष भेटघाट गर्दै उनीहरूको धारणा, अपेक्षा र स्थानीय समस्याबारे संवाद गरेका थिए । इनर्वाका बासिन्दाले शिक्षा, स्वास्थ्य, रोजगारी, सडक नाला जस्ता आधारभूत पूर्वाधार, साथै युवापुस्ताको भविष्यसँग जोडिएका विषय उठाएका थिए । सर्राफले यी विषयलाई प्राथमिकताका साथ अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दै 'जनताको आवाज संसदसम्म पु¥याउने' अठोट दोहो¥याए ।

रात्रीसभालाई सम्बोधन गर्दै सर्राफले मधेशका मुद्दाहरू लामो समयदेखि ओझेलमा परेको उल्लेख गरेले त्यस्ता मुद्दालाई सम्बोधन गर्न जनमत पार्टी नै विकल्प रहेको बताएका थिए । 'मधेशको नाममा ठूला आन्दोलन भए, धेरै राजनीतिक नारा उठे, तर आज पनि मधेशका आधारभूत सवालहरू पूर्ण रूपमा सम्बोधन हुन सकेका छैनन्,' उनले भने । विजयी भएपछि मधेशसँग सम्बन्धित पहिचान, प्रतिनिधित्व, विकास र अधिकारका सवाललाई नीतिगत तहमा उठाउने र कार्यान्वयनतर्फ विशेष पहल गर्ने उनको प्रतिबद्धता थियो ।

उनले विगतमा निर्वाचित केही प्रतिनिधिहरूले मधेशको नाममा राजनीति गर्दै व्यक्तिगत स्वार्थ साधेको आरोप लगाउँदै मतदातालाई सचेत रहन आग्रह गरे । 'अब नाराभन्दा काम हेर्ने समय आएको छ,' उनले जोड दिए । स्पष्ट एजेण्डा, पारदर्शिता र जवाफदेहितालाई आफ्नो अभियानको आधार बनाएको बताउँदै सर्राफले नयाँ सोच र काम गर्ने शैलीको आवश्यकता औंल्याए ।

रात्रीसभामा देखिएको भीड र सहभागिताले सर्राफप्रति स्थानीय तहमा बढ्दो चासो झल्काएको छ । कार्यक्रममा सहभागी युवाहरूले रोजगारी, सीपमूलक तालिम र उद्यमशीलताका अवसरबारे प्रश्न उठाएका थिए । सर्राफले युवालाई केन्द्रमा राखेर नीति निर्माण र कार्यक्रम कार्यान्वयन गर्ने योजना सुनाएका थिए । महिला सहभागीहरूले शिक्षा, स्वास्थ्य र स्वरोजगार प्रवद्र्धनका विषय उठाउँदै सहयोगको अपेक्षा राखेका थिए ।

स्थानीय बुद्धिजीवीहरूले युवा उम्मेदवार, स्पष्ट एजेण्डा र मतदातासँग प्रत्यक्ष संवाद गर्ने शैलीका कारण सर्राफप्रति आकर्षण बढ्दै गएको टिप्पणी गरेका थिए । उनीहरूले परिवर्तनको अपेक्षा राख्ने मतदाताका लागि सर्राफ नै विकल्प रहेको उल्लेख गरे । यसको साथसाथै विगतमा निर्वाचित भएका जनप्रतिनिधिहरुले जनताको चाहना अनुसार काम गर्न नसकेकोले यहाँका जनताहरुले विकल्प खोजि रहेको अवस्थामा जनमत पार्टी र उम्मेदवार ओमप्रकाश सर्राफ नै विकल्पको रुपमा रहेको स्थानीय मतदाताहरुको भनाई छ ।

जनमत पार्टीको तर्फबाट सञ्चालन भइरहेको घरदैलो र सभासमारोहले पर्सा क्षेत्र नं. १ मा चुनावी सरगर्मी बढाएको छ । मतदाताको घरआँगनमै पुगेर संवाद गर्ने अभियानले उम्मेदवार र समुदायबीच विश्वासको सम्बन्ध मजबुत बनाउने अपेक्षा गरिएको छ । इनर्वाबाट सुरु भएको यो सक्रियता क्षेत्रका अन्य वडाहरूमा पनि निरन्तर जारी रहने जनाइएको छ । इनर्वाको रात्रीसभा र घरदैलो अभियानले पर्सा क्षेत्र नं. १ मा चुनावी प्रतिस्पर्धालाई थप रोचक बनाएको छ ।

# धनुषा–३ मा जसपाको घरदैलो अभियान जित सुनिश्चित रहेको दाबी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै जनता समाजवादी पार्टी (जसपा) ले धनुषा निर्वाचन क्षेत्र नम्बर–३ मा घरदैलो अभियानलाई तीव्र बनाएको छ । राजनीतिक रूपमा प्रतिस्पर्धात्मक मानिने यस क्षेत्रमा पार्टीले आफ्नो पक्षमा जनमत बढ्दै गएको दाबी गरेको छ ।

जसपाका उम्मेदवार परमेश्वर साह यतिबेला गाउँ–गाउँ र टोल–टोल पुगेर मतदातासँग प्रत्यक्ष संवादमा व्यस्त छन् । घरदैलो अभियानका क्रममा उनले स्थानीय बासिन्दाका गुनासा सुन्दै समाधानका लागि स्पष्ट योजना र प्रतिबद्धता प्रस्तुत गरिरहेका छन् ।

जसपा जनकपुरधामका नगर सचिव प्रशान्त झाले धनुषा–३ मा पार्टीको अवस्था बलियो रहेको दाबी गरे । उनका अनुसार मतदाताबाट प्राप्त उत्साहजनक समर्थनले यसपटक 'छाता' चुनाव चिन्हले जित हासिल गर्ने संकेत दिएको छ । 'मनमा छाता, मतमा छाता' नारासहित अभियान अघि बढाइएको उनले बताए ।

उम्मेदवार साहले आफ्नो चुनावी प्राथमिकतामा पूर्वाधार विकास, रोजगारी सिर्जना र सुशासनलाई अघि सारेका छन् । उनका अनुसार क्षेत्रमा सडक विस्तार, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको सुदृढीकरण आवश्यक छ । स्थानीय तहसँग समन्वय गर्दै यी क्षेत्रमा सुधार ल्याउने योजना रहेको उनले बताए ।

युवाहरू रोजगारीको खोजीमा विदेशिन बाध्य भइरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै साहले उद्योग व्यवसाय प्रवद्र्धन, सीपमूलक तालिम र साना तथा मझौला उद्योगलाई प्रोत्साहनमार्फत रोजगारीका अवसर सिर्जना गर्ने प्रतिबद्धता जनाए । कृषि क्षेत्रमा आधुनिकीकरण र उत्पादनको बजार सुनिश्चितता पनि उनको एजेन्डामा समावेश छ ।

कृषिप्रधान क्षेत्र भएकाले किसानका समस्या समाधानलाई प्राथमिकता दिइने उनले उल्लेख गरे । मल, बीउ, सिंचाइ तथा बजार व्यवस्थापनमा सुधार ल्याउन संघीय स्तरबाट पहल गर्ने उनको भनाइ छ । उत्पादनको लागतअनुसार मूल्य सुनिश्चित गरिनुपर्नेमा उनले जोड दिए ।

त्यसैगरी दलित, महिला, पिछडिएको वर्ग तथा विपन्न समुदायको अधिकार सुनिश्चित गर्न विशेष कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गरिएको छ । समावेशी र समान सहभागितामूलक शासन प्रणाली निर्माण जसपाको मुख्य लक्ष्य रहेको साहले बताए ।

घरदैलो अभियानका क्रममा नेता–कार्यकर्ताले मतदातासँग भेटघाट गर्दै पार्टीको नीति तथा कार्यक्रमबारे जानकारी गराइरहेका छन् । खानेपानी, ढल निकास, सडक स्तरोन्नति र बेरोजगारीजस्ता स्थानीय मुद्दा संकलन गरी प्राथमिकताका आधारमा समाधान गर्ने आश्वासन दिइएको छ ।

धनुषा–३ मा बहुदलीय प्रतिस्पर्धा रहने भए पनि उम्मेदवारहरूको सक्रियता र स्थानीय मुद्दामा केन्द्रित अभियानले चुनावी परिणाममा प्रभाव पार्ने आकलन गरिएको छ ।

# नेकपा उम्मेदवार चौधरीको जनता दर्शन कार्यक्रम तीब्र



**मधेशदृष्टि**
**वीरगंज ।**
चुनावी अभियानलाई तीव्र पार्दै नेपाली कम्युनिस्ट पार्टी, पर्सा निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार मनोज चौधरीले 'जनता दर्शन' कार्यक्रमलाई निरन्तरता दिएका छन् । घरदैलो तथा प्रत्यक्ष जनसंवादमार्फत मतदातासँग भेटघाट गरिरहेका चौधरीले आफ्नो जनसमर्थन दिनप्रतिदिन बढ्दै गएको दाबी गरेका छन् । चौधरी अन्य उम्मेदवारको तुलनामा सक्रिय देखिएका छन् । उनले शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, सडक पूर्वाधार तथा ड्राइपोर्टका मुआब्जा पीडितको मुद्दालाई प्राथमिकतामा राख्दै अभियान सञ्चालन गरिरहेको बताएका छन् । यी जनजीविकासँग जोडिएका विषयका कारण मतदाताबीच आफूप्रति आकर्षण बढेको उनको भनाइ छ ।

समाजवादी नारासहित जनतामाझ पुगेका चौधरीले गरिब, मजदुर, मधेशी, आदिवासी, जनजाति तथा सर्वहारा वर्गको हितमा नेपाली कम्युनिस्ट पार्टी मात्र दृढ रहेको दाबी गरे । उनले पर्साका मतदाता सचेत भइसकेकाले यसपटकको निर्वाचनमा भ्रम फैलाएर मत प्रभावित गर्न नसकिने उल्लेख गरे ।

आफूलाई नयाँ अनुहारका रूपमा प्रस्तुत गर्दै चौधरीले विगतमा निर्वाचित प्रतिनिधिहरूको कार्यसम्पादनबारे जनतालाई स्पष्ट जानकारी भइसकेको बताए । 'साँचो अर्थमा नयाँ र प्रतिबद्ध उम्मेदवार म नै हुँ,' उनले भने । चौधरीले पार्टीको 'ताराछाप' चुनाव चिह्नप्रति जनताको समर्थन बढ्दै गएको दाबी गर्दै विजयप्रति आत्मविश्वास व्यक्त गरे ।

उनले सामाजिक सञ्जालमा देखिने प्रचार प्रसारभन्दा जमिनको यथार्थ फरक रहेको बताए । 'हल्ला र प्रचारको पछि जनता लागेका छैनन्, उनीहरू सत्य र विकासको पक्षमा छन्,' चौधरीले भने । मतदाताबाट आफूले विश्वास र साथ पाउँदै आएको उनको दाबी छ ।

# बर्वामा एमालेको अगुवा कार्यकर्ता भेला रिमा यादवद्वारा विकास एजेण्डा सार्वजनिक



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नं. २ अन्तर्गत वीरगंज महानगरपालिका वडा नम्बर–१९ अन्तर्गत बर्वा टोलमा नेकपा (एमाले) को वडा स्तरीय अगुवा कार्यकर्ता भेला कार्यक्रम सम्पन्न भएको छ ।

भेलालाई सम्बोधन गर्दै पर्सा क्षेत्र नं. २ की प्रतिनिधिसभा उम्मेदवार रिमा यादवले क्षेत्रको समग्र विकासका लागि स्पष्ट योजना तयार गरेको बताइन् । उनले सीपमूलक तालिम विस्तार, प्राविधिक शिक्षाको प्रवद्र्धन, आधुनिक कृषि प्रणाली विकास, पशुपालन प्रवद्र्धन तथा स्वास्थ्य क्षेत्र सुधारलाई प्राथमिकतामा राखेर नीतिगत रूपमा काम गर्ने धारणा व्यक्त गरिन् ।

यादवले कृषि क्षेत्रको सुदृढीकरणका लागि प्रत्येक वडामा 'कृषि क्लिनिक' स्थापना गर्ने योजना रहेको उल्लेख गरिन् ।

साथै, समयमै मल र बिउ उपलब्ध गराउने नीति निर्माणमार्फत कृषकका समस्या समाधान गर्ने लक्ष्य रहेको बताइन् । विगतका जनप्रतिनिधिले पूरा गर्न नसकेको कामलाई अघि बढाउँदै क्षेत्रको विकासमा तीव्रता दिने प्रतिबद्धता व्यक्त गर्दै उनले अझै धेरै काम बाँकी रहेको उल्लेख गरिन् । ती मुद्दा सदनसम्म सशक्त रूपमा उठाउन आफूलाई विजयी गराउन मतदातासँग आग्रह गरिन् ।

कार्यक्रममा एमालेका केन्द्रीय सदस्य तथा वीरगंज महानगरपालिकाका पूर्व मेयर विजय कुमार सरावगी, मधेश प्रदेश उपाध्यक्ष एवं समानुपातिक उम्मेदवार बिचारी यादव, वीरगंज महानगरपालिकाका कार्यवाहक अध्यक्ष लियाकत अली, लेखा समिति संयोजक अजय साह, वडा अध्यक्ष संजु छतकुली, युवा नेता मुकेश दुबेदी लगायत स्थानीय नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# स्वास्थ्य संयोजक चौरसियाको राजिनामा स्वीकृत



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको कालिकामाई गाउँपालिका कार्यालयमा सि.अ.हे.व. अधिकृत (छैठौं) तहमा कार्यरत तथा गाउँपालिकाका स्वास्थ्य संयोजक योगेन्द्र प्रसाद चौरसियाको स्वेच्छिक राजिनामा स्वीकृत भएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहाका अनुसार चौरसियाले दिएको राजिनामा माघ २९ गते बिहीबारदेखि लागू हुने गरी स्वीकृत गरिएको हो ।

चौरसियाले माघ १२ गते नै प्रमुख प्रशासकीय अधिकृत कुशवाहा समक्ष लिखित रूपमा राजिनामा पेश गरेका थिए । बुझाएको राजिनामापत्रमा उनले स्वास्थ्य सेवा समूह हे.ई. तह अन्तर्गत सि.अ.हे.व. अधिकृत पदमा वि.सं. २०५३÷०५÷२५ गते स्थायी नियुक्ति पाएदेखि हालसम्म निरन्तर तथा अविछिन्न रूपमा सेवा गर्दै आएको उल्लेख गरेका थिए ।

साथै, घरायसी समस्याका कारण सेवामा निरन्तरता दिन नसक्ने अवस्था आएको जनाउँदै आफ्नो इच्छाअनुसार खुसीराजीका साथ राजिनामा दिएको स्पष्ट पारेका छन् ।

यद्यपि, स्रोतका अनुसार चौरसिया लामो समयदेखि राजनीतिमा सक्रिय हुने तयारीमा थिए । उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा आबद्ध भई आगामी स्थानीय तह निर्वाचनमा कालिकामाई गाउँपालिकाको अध्यक्ष पदमा उम्मेदवारी दिने तयारीमा रहेको बताइएको छ ।

# पर्सा–४ मा उम्मेदवार चौधरीको घरदैलो अभियान तीब्र

**मधेशदृष्टि**
**वीरगंज ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै जनता समाजवादी पार्टी (जसपा) पर्सा क्षेत्र नं. ४ का उम्मेदवार डा. कृपासिन्धु चौधरीले घरदैलो अभियानलाई तीव्रता दिएका छन् । यसक्रममा उनले धोबिनी गाउँपालिका वडा नं. ५ मा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् ।

कार्यक्रमका दौरान डा. चौधरीले स्थानीय बासिन्दासँग प्रत्यक्ष भेटघाट तथा संवाद गर्दै आफ्ना चुनावी एजेन्डा प्रस्तुत गरे । उनले क्षेत्रको पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य तथा रोजगारीका विषयलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरेको सहभागीहरूले बताएका छन् ।

घरदैलो अभियानमा स्थानीयको उल्लेखनीय सहभागिता देखिएको जनाइएको छ । केही मतदाताले विगतका विकास निर्माणका कामप्रति सन्तुष्टि जनाउँदै आगामी दिनमा थप विकास र समृद्धिको अपेक्षा व्यक्त गरेका छन् । 'जनताको काममा सधैं उपलब्ध हुने प्रतिनिधि आवश्यक छ,' भन्दै स्थानीयवासीले सक्रिय नेतृत्वको आवश्यकता औंल्याएका छन् ।

औपचारिक चुनावी गतिविधि अन्तर्गत आयोजित कार्यक्रमप्रति मतदाताको चासो र सहभागिताले पर्सा–४ मा चुनावी माहोल सक्रिय बन्दै गएको देखिएको छ । निर्वाचन नजिकिँदै जाँदा प्रमुख दलका उम्मेदवारहरूले घरदैलो तथा भेटघाट कार्यक्रमलाई अझ तीव्र बनाउने संकेत देखिएको छ ।

# रास्वपा उम्मेदवार पन्तलाई ताजपुरमा स्वागत



**मधेशदृष्टि**
**वीरगंज ।**
ताजपुरका विभिन्न चौक–चौतारीमा घण्टी चिन्ह बनाएर रास्वपा पर्सा–१ का उम्मेदवार हरि पन्तलाई स्थानीयले स्वागत गरेका छन् । बिहीबार घरदैलो तथा मतदाता भेटघाटका लागि ताजपुर पुगेका पन्तलाई स्थानीयहरूले विभिन्न रंगको प्रयोग गरेर घण्टी चिन्ह बनाइ स्वागत गरेका थिए ।

भेटघाटको क्रममा मतदाताहरूले मुलुकमा परिवर्तन निश्चित भएको बताउँदै राष्ट्रिय स्वतन्त्र पार्टी र घण्टी चिन्ह नै मुलुकको परिवर्तनको प्रतीक भएकोले यसपाली उनीहरूको पक्षमा मतदान गर्ने प्रतिबद्धता जनाएका थिए । त्यसक्रममा पन्तले रास्वपाको जित समग्र मुलुकको जित भएको भन्दै सबै मतदातालाई राष्ट्रिय स्वतन्त्र पार्टी र आफूलाई जिताउन आग्रह गरेका थिए । घरदैलो कार्यक्रममा स्थानीयहरूले उत्साहजनक उपस्थिति देखाएका थिए, जसले उम्मेदवारको लोकप्रियता र जनसंपर्क कार्यक्रमको सफलता स्पष्ट पारेको छ ।

सम्पादकीय

# भीड, उत्साह र मतको यथार्थ !

मधेशका सहर–बजार हुँदै वीरगंज आइपुग्दा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह ‘बालेन’ को स्वागतमा देखिएको भीडले बुधबार असाधारण दृश्य सिर्जना गऱ्यो । सडक, चोक, घरका छत र पसलका आँगनसम्म उर्लिएको जनलहरले एकातिर नयाँ राजनीतिक आकर्षणको संकेत दियो भने अर्कातिर मतदाताको जिज्ञासा र अपेक्षाको उचाइ पनि देखायो । ‘घण्टी अभिवादन’ अभियानका नारासहित हात हल्लाउँदै अघि बढेका बालेनप्रति देखिएको उत्साहले मधेशमा बदलिँदो राजनीतिक मनोविज्ञानको झल्को दियो।

तर, लोकतान्त्रिक प्रक्रियामा भीड र मतबीच सधैं सीधा सम्बन्ध हुँदैन । इतिहास साक्षी छ रोड शोको उत्साह, नाराको गुञ्जन र सामाजिक सञ्जालको चर्चा मतदानको दिन मतपेटिकामा कति रूपान्तरित हुन्छ, त्यो अलग प्रश्न हो । त्यसैले वीरगंज, रौतहट, सर्लाही, बारा हुँदै देखिएको भीडलाई केवल समर्थनको परिमाणका रूपमा बुझ्नु जल्दबाजी हुन सक्छ, यसलाई मतदाताको ध्यान, जिज्ञासा र परिवर्तनप्रतिको खुलापनका रूपमा पढ्नु बढी यथार्थपरक हुन्छ।

यस यात्राले अर्को पक्ष पनि उजागर गऱ्यो ‘राजनीतिक व्यवस्थापनको चुनौती’ । पटक पटक रुट परिवर्तन, स्थानीय नेता कार्यकर्तालाई समय नदिनु, आकस्मिक निर्णयले कार्यक्रम तालिका फेरिनुजस्ता घटनाले अभियानको संगठनात्मक पक्ष कमजोर देखियो । लोकतन्त्रमा जनसमर्थन जति महत्वपूर्ण छ, त्यति नै महत्वपूर्ण अनुशासन, समन्वय र विश्वसनीयता पनि हो । कार्यकर्ता र समर्थकको भावनालाई बेवास्ता गर्ने शैली दीर्घकालीन रूपमा कुनै पनि अभियानका लागि प्रतिकूल हुन सक्छ।

यद्यपि, यो यात्राले मधेशमा नयाँ राजनीतिक शक्तिप्रति उत्सुकता बढेको स्पष्ट सन्देश दिएको छ । परम्परागत दलहरूप्रति असन्तोष, नयाँ अनुहारप्रतिको आकर्षण र वैकल्पिक राजनीतिक शैलीको खोजीले यस्ता दृश्य सम्भव बनाएको हो । युवापुस्तामा देखिएको सक्रियता र स्वतःस्फूर्त उपस्थितिले परिवर्तनको चाहना सतहमा आएको संकेत गर्छ।

तर प्रश्न उही रहन्छ ‘के यो भीड मतमा रूपान्तरित हुन्छ’ ? लोकतन्त्रको वास्तविक परीक्षा मतदानको दिन हुन्छ, जहाँ उत्साह होइन, निर्णय बोल्छ । त्यसैले सबै राजनीतिक दल र उम्मेदवारका लागि यो दृश्य उत्साहको विषय मात्र नभई आत्ममूल्याङ्कनको अवसर पनि हो । जनलहरलाई नारा र प्रदर्शनमा सीमित नराखी विश्वास, संगठन र स्पष्ट कार्ययोजनामा रूपान्तरण गर्न सकिए मात्र त्यसको राजनीतिक अर्थ दीर्घकालीन हुनेछ । वीरगंजमा देखिएको दृश्य केवल एक रोड शोको सफलता होइन, यो मतदाताको मनस्थितिको संकेत हो उनीहरू सुन्न, हेर्न र तुलना गर्न तयार छन् । अब निर्णय उनीहरूले नै गर्नेछन्, मतपेटिकामार्फत।

# उन्नत लोकतन्त्रका लागि समावेशी निर्वाचन



धर्मेन्द्र झा

**काठमाडौँ।**
प्रतिनिधिसभाको निर्वाचन आसन्न छ । तय कार्यक्रमअनुसार आगामी महिना अर्थात फागुनको २१ गते एकै चरणमा मतदान हुनेछ। गत भदौको २३ र २४ गते युवाहरुको अगुवाइमा भएको आन्दोलनको जगमा हुन लागेको आसन्न निर्वाचन धेरै कारणले महत्वपूर्ण छ । दशौँ संविधान दिवसको पूर्व सन्ध्यामा भएको युवा (जेनजी) आन्दोलन कसैको पनि विस्मृतिमा पुगिसकेको छैन । आन्दोलनको प्रकृतिको विश्लेषण गर्दा आन्दोलनकारीले सरकार परिवर्तन गर्न चाहेका थिए र आफूले उठान गरेका मुद्दाको सम्बोधन यही संविधानमार्फत चाहेका थिए।

सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनाउन सफलता पाएको युवा पुस्ता केन्द्रित दुई दिने आन्दोलनको निश्चय पनि कालजयी महत्व छ र यसको चर्चा सुदूर भविष्यसम्म रहनेछ । यो घटना विश्वका धेरै देशमा धेरै दिनसम्म उदाहरणीय बन्नेछ । यस पृष्ठभूमिमा यसपटकको निर्वाचनका सन्दर्भमा केही कुराको प्रक्षेपण गर्न सकिन्छ । पहिलो, निर्वाचनले पारम्परिक सरकारको अवधारणामा परिवर्तन ल्याउनेछ । दोस्रो, लोकतन्त्रलाई थप सबल र सुदृढ गर्नेछ । तेस्रो, संविधानको भावनाको अनुशरण र कार्यान्वयनमा बल पुग्नेछ । चौथो, युवा भावना र आवाजलाई थप प्रभावकारी बनाउनेछ र पाँचौँ, देश विकासका लागि आवश्यक नयाँ मुद्दा र प्रक्रियाको पहिचान गर्नेछ।

यति मात्र होइन, समावेशीताको औचित्य र आवश्यकताका सम्बन्धमा नयाँ ढङ्गले बहस प्रारम्भ गर्नेछ । माथि उल्लेख गरिएका कुराहरु कुनै न कुनै रुपमा समग्रमा राष्ट्रनिर्माणको अवधारणा र प्रक्रियासँग सम्बन्धित छन् भन्नु गलत हुँदैन । यस सन्दर्भमा निर्वाचन महत्वपूर्ण माध्यम हुने कुरामा विमति हुनसक्दैन । तर सामान्य प्रक्रियाभन्दा समावेशी निर्वाचन प्रक्रियाले अपेक्षित परिणाम प्राप्तिमा सघाउ पुग्छ, यसमा पनि असहमति व्यक्त गर्न सकिँदैन।

**लोकतन्त्र–गुणस्तर मापनको सूचक समवेशीता**

निर्वाचनमा समावेशीता लोकतन्त्रको गुणस्तर मापन गर्ने महत्वपूर्ण सूचक हो । निर्वाचनमा समावेशीता भन्नाले समाजका सबै वर्ग, समुदाय र समूहको समान पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुमात्र होइन विविध मुद्दाप्रतिको स्वीकारोक्ति पनि हो । उपलब्ध विविधतालाई एकताको मालामा उन्ने सशक्त विधि हो समावेशीता । यस अवधारणाभित्र मतदाता दर्तादेखि उम्मेदवारी, प्रचारप्रसार, मतदान, मतगणना र प्रतिनिधित्वसम्मका सबै चरणमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, हिमालीलगायतका पिछडिएका क्षेत्रका नागरिक र प्रवासी मतदाताको अर्थपूर्ण सहभागिता समेटिन्छन् र समेटिन सक्नुपर्छ । सारमा यो देश सबै नेपालीको हो र प्रत्येक नेपालीमा देश मेरो पनि हो भन्ने भावनाको विकास हुनु अनिवार्य छ । यसका लाग1 देशप्रतिको स्वामित्वबोध हुनु अपरिहार्य छ । यस प्रक्रियामा समावेशीको अवधारणाले मद्दत गर्ने कुरामा दुईमत हुन सक्दैन । आसन्न निर्वाचनमा निर्वाचनको सम्पूर्ण प्रक्रियामा समावेशी अवधारणाको कार्यान्वयन आवश्यक छ।

निर्वाचन लोकतन्त्रको आत्मा हो । निर्वाचनमार्फत जनताले आफ्ना प्रतिनिधि चयन गर्छन् र शासन प्रक्रियामा प्रत्यक्ष सहभागिता जनाउँछन्।

बुझ्नुपर्ने कुरा के हो भने निर्वाचन केबल मत हाल्ने प्रक्रियासम्म मात्र सीमित हुँदैन, यो समावेशी, न्यायोचित र समान अवसरमा आधारित हुनुपर्छ । जाति, लिङ्ग, भाषा, क्षेत्र, अपाङ्गता, आर्थिक अवस्था वा सामाजिक पहिचानका कारण कुनै समूह निर्वाचन प्रक्रियाबाट उपेक्षित र बहिष्कृत हुनुहुँदैन, त्यसो भयो भने लोकतन्त्र अपूर्ण हुन जान्छ । त्यसैले पनि आजको विश्वमा निर्वाचनमा समावेशीता लोकतान्त्रिक सुशासनको प्रमुख सवाल मात्र बनेको छैन, कतिपय सन्दर्भमा त समावेशी निर्वाचनको अवधारणा आजको पछिल्लो पुस्ताको उन्नत लोकतन्त्रका लागि अनिवार्य शर्तका रूपमा पनि स्वीकृत भएको छ।

**नेपालको संवैधानिक व्यवस्था र समावेशी निर्वाचन**

विसं २०६२÷६३ को जनआन्दोलनपछि राज्य पुनःसंरचनासँगै गम्भीर रूपमा उठान भएको विषय हो समावेशीताको सवाल । नेपालको संविधान २०७२ले समावेशी लोकतन्त्रलाई मूल आधारका रूपमा स्वीकार गरेको छ।

संविधानको प्रस्तावनामै सामाजिक न्याय, समावेशीता र समानुपातिक प्रतिनिधित्वको प्रतिबद्धता व्यक्त गरिएको छ । संविधानको धारा ८४ अनुसार प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक समावेशी सिद्धान्त अवलम्बन गरिएको छ । राजनीतिक दलहरूले बन्द सूची प्रणालीमार्फत उम्मेदवार चयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडिएका क्षेत्र र खस आर्य समुदायलाई जनसङ्ख्याको अनुपातमा समेट्नुपर्ने व्यवस्था छ । यसैगरी, राष्ट्रियसभामा पनि महिला, दलित र अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिएको छ।

स्थानीय तहमा त झनै समावेशीता मजबुत बनाइएको छ । गाउँपालिका र नगरपालिकाका प्रमुख वा उपप्रमुखमध्ये एकजना महिला हुनैपर्ने, वडास्तरमा दलित महिला सदस्य अनिवार्य हुने व्यवस्था अन्तरराष्ट्रिय अभ्यासमै उदाहरणीय मानिन्छ । यसकारण नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व उल्लेखनीय रूपमा बढेको छ।

लोकतन्त्रको सुदृढीकरणका लागि समावेशी निर्वाचन आजको आवश्यकता मात्र होइन, भविष्यको आधार पनि हो । संविधानले सैद्धान्तिकरुपमा समावेशी अवधारणालाई




स्वीकार गरे पनि व्यवहारमा कति कार्यान्वयन हुन सकेको छ ? त्यो अध्ययन र मूल्याङ्कनकै विषय हो भन्दा फरकपर्ने छैन । प्रतिनिधिसभा र राष्ट्रियसभामा समावेशी अवधारणाका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्न खोजिए पनि चोर बाटा थुप्रै अख्तियार गरिएका छन्, जसबाट दल र तिनका नेताले आफूले इच्छाएकालाई त्यहाँ लग्ने गरेका छन् । केही हदसम्म हुनेखाने नै त्यहाँ पुग्ने गरेको आरोप पनि लाग्ने गरेको छ, जसलाई सम्पूर्ण ढङ्गले अस्वीकार गर्ने अवस्था छैन।

यस्तै प्रतिनिधिसभामा प्रत्यक्षतर्फको निर्वाचनमा महिलालाई उचित संख्यामा प्रतिनिधित्व गराउन नसकिएको अवस्थामा समानुपातिकतर्फबाट संसद्मा प्रवेश गराउने विधि अपनाइएको छ । यसको प्रभाव अन्य क्षेत्रमा पर्न खोजेको छ भन्नु असङ्गत नहोला । महिलाका लागि केही निर्वाचन क्षेत्र नै आरक्षित गर्नु र निश्चित प्रतिशत तोकी दलहरुलाई अनिवार्यतः उम्मेदवार बनाउन बाध्य गर्नुजस्ता केही थप विधिबाट प्रत्यक्षतर्फ महिला प्रतिनिधित्व सुनिश्चित गर्न सकिए अन्य क्षेत्रमा यसको सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ।

**व्यवहारमा देखिएका चुनौती**

संवैधानिक र कानुनी व्यवस्था प्रगतिशील भए पनि माथि उल्लेख गरिएजस्तै व्यवहारमा भने समावेशी निर्वाचन अझै चुनौतीपूर्ण छ । नेपालले संवैधानिक र कानुनीरूपमा समावेशी निर्वाचनलाई विशेष महत्व दिएको पाइन्छ तर व्यावहारिक कार्यान्वयन, प्रतिनिधित्वको गुणस्तर र निर्णय प्रक्रियामा भने अझै वास्तविक पहुँच सुनिश्चित हुन सकेको छैन । समानुपातिक प्रणालीमार्फत आएका प्रतिनिधिहरू पार्टी नेतृत्वप्रति बढी जवाफदेही हुने, उनीहरूको निर्णयात्मक भूमिका सीमित हुने गुनासो व्यापक छ । साथै, सीमान्तकृत समुदायका उम्मेदवारलाई प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्न आर्थिक स्रोत, सङ्गठनात्मक पहुँच र राजनीतिक संरक्षणको अभाव देखिन्छ।

निर्वाचनमा समावेशीताको अर्थ मतदान र उम्मेदवारसम्म मात्र सीमित छैन।

समग्र निर्वाचन प्रक्रियामा समावेशी अवधारणाको कार्यान्वयन आवश्यक हुन्छ । अपाङ्गता भएका मतदाताका लागि मतदान केन्द्र पहुँचयोग्य हुनु, चुनावसँग सम्बन्धित जानकारी मातृभाषामा प्राप्त गर्न सक्नु, मतदानका नाममा आफ्नो सांस्कृतिक विश्वासमाथि अतिक्रमण नहुनु, दृष्टिबिहीन मतदाताका लागि मतपत्र वा प्रविधि उपलब्ध हुनुजस्ता केही यस्ता विषयलाई उदाहरणका रुपमा प्रस्तुत गर्न सकिन्छ, जहाँ समावेशी अवधरणाको कार्यान्वयन अपरिहार्य रहेको मान्न सकिन्छ।

यस्तै विदेशमा रहेका नेपाली नागरिकले मतदान गर्न नपाउने जस्ता विषय पनि समावेशीताका दृष्टिले कमजोर पाटा हुन् । अन्य देशका अभ्यासबाट नेपालले केही महत्वपूर्ण सिकाइ ग्रहण गर्न सक्छ । पहिलो, समावेशी अवधारणा केवल कानुनी प्रावधानमा सीमित नराखी कार्यकारी र निर्णयात्मक तहमा प्रभावकारी सहभागिता सुनिश्चित गर्नु आवश्यक छ । दोस्रो, राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र र समावेशी नेतृत्व विकास आवश्यक छ । तेस्रो, निर्वाचन खर्च नियन्त्रण र सीमान्तकृत उम्मेदवारका लागि राज्यको सहयोग बढाउनुपर्छ।

प्रविधिको प्रयोगमार्फत अपाङ्गमैत्री मतदान प्रणाली, ब्रेलमा आधारित मतपत्र, विदेशमा रहेका नेपालीका लागि सुरक्षित मतदान व्यवस्था र युवा तथा पहिलोपटक मतदान गर्ने मतदाता लक्षित नागरिक शिक्षा कार्यक्रम विस्तार गर्न सकिन्छ । मतदाता शिक्षाका सन्दर्भमा मातृभाषाको प्रयोगलाई बढाउनु पनि आवश्यक हुन्छ।

दलहरुले पनि आफ्नो सोच र कार्यशैलीमा परिवर्तन गर्नु आवश्यक छ । समावेशीका नाममा कागको झुण्डमा एउटा बकुल्ला उभ्याउने परिपाटीले सार्थक परिणाम प्राप्त हुनसक्दैन।

सम्बद्ध पक्षका लागि गरिने निर्णय प्रक्रियामा सोही पक्षलाई सहभागी गराई जिम्मेवार बनाउने नीति अख्तियार गरिनु आवश्यक छ । यसविपरित विभिन्न गठबन्धन र सम्झौताका नाममा राष्ट्रियसभामा अल्पसंख्यक र अन्यको क्लष्टरबाट प्रायः हुनेखाने प्रभावशालीकै वर्चश्व देखिने गरेको छ । दलहरु यसमा सच्चिनु आवश्यक छ।

अन्त्यमा माथि उल्लेख गरिएका विषय सम्बद्ध पक्षका लागि ध्यानाकर्षण मात्र हुन् । भविष्यमा यी विषयमा सम्बोधनको रणनीति तय गरिने विश्वास गर्नु अनुचित हुने छैन । आवश्यक परेका खण्डमा भावी दिनमा निर्वाचन आयोगले नै पनि स्वसक्रिय भएर संविधानको भावनाअनुसार समावेशी अवधारणालाई कार्यान्वयन गर्ने दिशामा आवश्यक नीति तय गर्न सक्नुपर्छ । (लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# हिमाली तथा पहाडी जिल्लाहरुमा फागुन २१ मै निर्वाचन हुन्छः प्रम

**सोलुखुम्बु।**
प्रधानमन्त्री सुशीला कार्कीले हिमाली तथा पहाडी जिल्लाहरूमा आगामी फागुन २१ गते नै निर्वाचन गराउन सम्भव रहेको बताएकी छन् । हिमाली जिल्लाहरूमा निर्वाचनको तयारी, सुरक्षा व्यवस्थापन तथा भौगोलिक चुनौतीको स्थलगत निरीक्षणका क्रममा आज सोलुखुम्बु आइपुगेकी उनले सोलु सहित हिमाली जिल्लामा तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्न सकिने अवस्था रहेको जानकारी दिएकी हुन् ।



प्रधानमन्त्री कार्कीले कुनै पनि बहानामा निर्वाचन सार्ने अवस्था नरहेको उल्लेख गरिरन । उनले भनिन् , 'देशलाई अस्थिरताको चक्रबाट मुक्त गर्न फागुन २१ को निर्वाचनको विकल्प छैन । हिमाली भेगका चुनौतीलाई मध्यनजर गर्दै सरकारले आवश्यक सबै व्यवस्था गरिसकेको छ।'

प्रधानमन्त्री कार्कीले निर्वाचन भयरहित, शान्त, निष्पक्ष र धाँधलीरहित ढङ्गबाट सम्पन्न हुनेमा ढुक्क रहन आम मतदाता, राजनीतिक दल तथा उम्मेदवारहरूलाई आग्रह गरिन् । सरकारको सम्पूर्ण ध्यान सौहार्दपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन केन्द्रित रहेको जनाउँदै उनले सम्बद्ध सबै निकायलाई आफ्नो सम्पूर्ण ध्यान निर्वाचनमा केन्द्रित गर्न निर्देशन दिइन् ।

जिल्ला सुरक्षा समितिसँगको 'ब्रिफिङ'मा प्रधानमन्त्री कार्कीले मतदाताले कुनै पनि किसिमको डर, दबाब वा प्रभावबिना मतदान गर्न सक्ने वातावरण सिर्जना गर्न विशेष निर्देशन दिएकी छन् । हिमाली भेगका दुर्गम मतदान केन्द्रहरूमा सुरक्षामा कुनै सम्झौता नगर्न र आवश्यक परे थप सुरक्षा जनशक्ति परिचालन गर्न उनले निर्देशन दिइन् ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी लीलाकुमारी पाण्डे केसीले प्रस्तुत गरेको अभिलेखीय सामग्रीमार्फत जिल्लाको समग्र सुरक्षा अवस्था, मतदान केन्द्रको भौतिक अवस्था तथा पहुँचसम्बन्धी विवरण प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरिएको थियो । प्रधानमन्त्री कार्कीले सबै मतदान केन्द्रहरूको विशेष अवलोकन गर्दै सुरक्षा, सामग्री ढुवानी र मतपत्र सुरक्षामा उच्च सतर्कता अपनाउन निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी केसीले जानकारी दिइन्।

जिल्लामा १२३ मतदानस्थल छन्। यसमा सातवटा हिमाली क्षेत्रमा पर्ने प्रमुख जिल्ला अधिकारी केसीले जानकारी दिइन् ।

विशेष गरी हिमपात, मौसम परिवर्तन र भौगोलिक जोखिमलाई ध्यानमा राख्दै वैकल्पिक योजनासमेत तयार गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । प्रधानमन्त्री कार्कीले हिमाली जिल्लाका मतदाताको मताधिकार सुनिश्चित गर्नु सरकारको संवैधानिक दायित्व भएको उल्लेख गर्दै सोलुखुम्बु जस्ता दुर्गम जिल्लामा पनि मतदाताले सहज रूपमा मतदान गर्न पाउने व्यवस्था मिलाइने बताइन्।

**निर्वाचन तयारीबारे छलफल**

प्रधानमन्त्री सुशीला कार्कीले बिहिबार सोलुखुम्बु लगायत जिल्लाको भ्रमण गरी निर्वाचन तयारी र वस्तुस्थितिबारे जानकारी लिएकी छिन् । प्रधानमन्त्री कार्कीले सोलुखुम्बुको नाम्चे र सल्लेरीमा स्थानीय बासिन्दा तथा सरकारी निकायका अधिकारीसँग छलफल गरिएको उनको सचिवालयले जनाएको छ।

सल्लेरीमा मुख्य निर्वाचन अधिकृत चन्द्रकुमार पोखरेल, प्रमुख जिल्ला अधिकारी लीलाकुमारी केसी पाण्डे, प्रमुख सेनानी विजय प्रकाश आङ्देम्बे, प्रहरी नायब उपरीक्षक मनोजित कुँवर, सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज पाण्डेय, स्थानीय जनप्रतिनिधि लगायतको उपस्थितिमा छलफल भएको थियो । सल्लेरीस्थित जिल्ला समन्वय समितिको कार्यालयमा आयोजित कार्यक्रममा मुख्य निर्वाचन अधिकृत पोखरेल र प्रमुख जिल्ला अधिकारी केसीले निर्वाचन तयारीबारे जानकारी गराको थियो।

प्रमुख जिल्ला अधिकारी केसीले शान्ति सुरक्षाका दृष्टिले कुनै समस्या नरहेको, यहाँको जनजीवन शान्त रहेको र हालसम्म मौसमी प्रतिकूलतासमेत नदेखिएको जानकारी गराएको थियो । विगत केही वर्षयताको मौसमी विवरण हेर्दा फागुनमा हिमपातका घटना कमै भएको उल्लेख गर्दै उहाँले हिमपात भइहाले उच्च हिमाली क्षेत्रका केही स्थानमा वैकल्पिक व्यवस्था गर्नुपर्ने हुनसक्ने बताएको छ।

प्रधानमन्त्री कार्कीले हालसम्मको प्रगतिप्रति खुसी व्यक्त गर्दै आगामी निर्वाचन शान्तिपूर्ण र विश्वसनीय वातावरणमा सम्पन्न हुने विश्वास व्यक्त गरिन् । यो निर्वाचन सामान्य अवस्था र नियमित प्रकृतिको होइन । हामी विशेष अवस्थामा चुनाव गर्दैछौँ। त्यसैले यसलाई विशेष तयारीका साथ सम्पन्न गर्नुपर्छ । सकेसम्म धेरै मतदाता सहभागी गराउन हाम्रो प्रयास रहनुपर्छ, उनले भने स्वतन्त्र र विश्वसनीय वातावरणमा धेरैभन्दा धेरै मतदाताले आफ्नो मताधिकार प्रयोग गर्न पाउनुपर्छ। त्यसका लागि हामीले सकेको सबै प्रयत्न गर्छौं, गर्नुपर्छ। फागुन २१ गते एकैदिनमा देशभर एकसाथ निर्वाचन हुन्छ।

प्रधानमन्त्री कार्की नेतृत्वको टोलीले भोजपुरमा पनि निर्वाचन तयारीबारे जानकारी लिएको छ। भोजपुरमा मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश नारायणप्रसाद दाहाल र जिल्लास्थित सुरक्षा प्रमुखहरुसँग अन्तक्रिया गरिएको थियो।

भोजपुरमा पनि सुरक्षासँग सम्बन्धित चुनौती खासै नरहेको जिल्ला सुरक्षा प्रमुखहरूले जानकारी दिए । प्रधानमन्त्री कार्कीसँगै उहाँका प्रेस सल्लाहकार रामबहादुर रावल, प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठलगायतको टोली भ्रमण टोलीमा रहेको छ। रासस

# आचारसंहिता उल्लंघन गर्नेलाई कारबाही गर्न पत्राचार




**काठमाडौँ।**
निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घनको उजुरी परेका सञ्चारमाध्यम र पत्रकारबारे अध्ययन, अनुसन्धान गरी कानुनी कारबाही गर्न निर्वाचन आयोगले प्रेस काउन्सिलमा लेखी पठाएको छ।

काठमाडौँको तारकेश्वर नगरपालिका–१० स्थित शिवपुरी मिडिया नेटवर्क प्रालिबाट सञ्चालित सगरमाथा पोष्ट डटकमका अध्यक्ष÷सम्पादक रबिनप्रसाद थपलिया र प्रबन्ध सम्पादक चित्रकुमार (सिके) चौलागाईंले आफ्ना व्यक्तिगत सामाजिक सञ्जालबाट उम्मेदवारका प्रचारप्रसारका सामग्री निरन्तर पोष्ट गरेको भनी आयोगमा उजुरी परेपछि प्रेस काउन्सिल नेपाललाई कानुनी कारबाहीका लेखी पठाएको हो।

उजुरीअनुसार यसमा प्रचलित कानुनबमोजिम आवश्यक अनुसन्धान तथा कारबाही गर्न काउन्सिलमा पठाइएको आयोगले जनाएको छ । आफ्ना व्यक्तिगत सामाजिक सञ्जालबाट निर्वाचन आचारसंहिता, २०८२ को दफा ७ को खण्ड (क) र (झ) को प्रतिकूल हुने गरी उम्मेदवारका प्रचारप्रसार सामग्री निरन्तर पोष्ट गरेको भनी उजुरी परेकाले काउन्सिलमा लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले बताए।

यसैगरी गोरखापत्र संस्थानले मधेस र बाग्मती प्रदेशका संयोजक हटाएको विषयमा परेको उजुरीका आधारमा पनि स्पष्टीकरण सोधिएको उनले जानकारी दिए । आयोगले संस्थानलाई यस विषयमा दुई दिनभित्र स्पष्टीकरण पेस गर्न पत्राचार गरेको जनाएको छ। रासस

# फागुन ३ गतेभित्र घोषणापत्र बुझाउन उम्मेदवारलाई निर्देशन



**काठमाडौँ।**
निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फका सबै उम्मेदवारलाई आफ्नो निर्वाचन घोषणापत्र बुझाउन निर्देशन दिएको छ । उम्मेदवारहरूले फागुन ३ गतेभित्र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा घोषणापत्र पेस गर्नुपर्नेछ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ मा भएको व्यवस्था बमोजिम आयोगले यो निर्णय गरेको हो । आयोगका शाखा अधिकृत (कानुन) अरुण अधिकारीका अनुसार प्रत्यक्षतर्फका सबै उम्मेदवारलाई फागुन ३ गतेभित्र घोषणापत्र सार्वजनिक गरी त्यसको एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा बुझाउन पत्राचार गरिएको छ। आयोगले सबै प्रदेश र जिल्ला निर्वाचन कार्यालयहरूलाई प्राप्त हुने घोषणापत्रहरूको व्यवस्थित अभिलेख राखी सोको विवरण केन्द्रमा पठाउन समेत निर्देशन दिएको छ।

यसअघि नै आयोगले चुनावमा सहभागी हुने सबै राजनीतिक दलहरूलाई पनि फागुन ३ गतेभित्रै दलीय निर्वाचन घोषणापत्र सार्वजनिक गर्न पत्राचार गरिसकेको छ। निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन तथा उम्मेदवारका प्रतिबद्धताहरूलाई आधिकारिक रूपमा अभिलेखबद्ध गर्न आयोगले यो कदम चालेको हो। रासस

# राष्ट्रलाई अप्ठेरोका बेला दलहरूबीच सहकार्य हुँदै आएको छः दाहाल



**बागलुङ।**
नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले विभिन्न कम्युनिष्ट पार्टीमा राजनीतिक मतभेद भए पनि राष्ट्रलाई अप्ठेरो परेका बेला सहकार्य हुँदै आएको बताएका छन्। बिहिबार जिल्लाको गलकोटमा आयोजना गरिएको नेकपा र राष्ट्रिय जनमोर्चाको संयुक्त चुनावीसभालाई सम्बोधन गर्दै उनले देशभर एकताको सन्देश दिने गरी बागलुङमा सहकार्य गरिएको बताए।

संयोजक दाहालले जनमोर्चासँगको चुनावी तालमेलले नेपालभर एकताको सन्देश दिएको र यो सहकार्य चुनावपछि पनि कायम रहने बताए। 'विभिन्न कम्युनिष्ट पार्टीमा राजनीतिक मतभेद छन्, तर राष्ट्रलाई अप्ठेरो पर्दा विगतमा पनि सहकार्य गर्दै आएका छौँ।

यसपटक पनि देशलाई सङ्कटबाट टार्न कार्यगत एकता र गठबन्धन हुन्छ', उनले भने, 'गत भदौं २३ र २४ मा भएको आन्दोलनपछिको अवस्थालाई हेरेर हामीले पार्टी एकता र सहकार्य अगाडि बढाएका छौँ । त्यही क्रममा जनमोर्चासँग सहकार्य भएको हो।'

नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले देश गम्भीर सङ्कटमा परेको र निर्वाचनले सही मार्गमा ल्याउने विश्वास व्यक्त गरे । उनले आगामी फागुन २१ मा हुने निर्वाचनलाई सामान्य रूपमा नलिन आग्रह गर्दै देशको हितमा काम गर्नेलाई पहिचान गरेर मतदान गर्न आग्रह गरे।

यहाँ रहेका दुई निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं १ मा नेकपाले जनमार्चाका कृष्ण अधिकारी र क्षेत्र नं २ मा जनमोर्चाले नेकपाका उम्मेदवार ज्ञामनाथ गैरेलाई सघाउने सहमती भएको कार्यक्रममा जानकारी दिइयो। रासस

# दक्ष प्रहरी जनशक्ति उत्पादनमा प्रतिष्ठानको भूमिका महत्वपूर्ण



**काठमाडौं।**
प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले दक्ष प्रहरी जनशक्ति उत्पादनमा प्रहरी प्रशिक्षण प्रतिष्ठानको महत्वपूर्ण भूमिका रहेको बताएको छ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको ७०औँ वार्षिकोत्सवका अवसरमा बिहिबार आयोजित कार्यक्रममा उनले दक्ष प्रहरी जनशक्ति उत्पादनमा प्रतिष्ठानले खेलेको भूमिका सराहनीय छ भने। उनले नेपाल प्रहरीले विभिन्न कालखण्डमा सामना गरेका सुरक्षा चुनौती, राजनीतिक परिवर्तन, सामाजिक रूपान्तरण र प्रशासनिक सुधारका हरेक चरणमा प्रतिष्ठानले समयानुकूल दक्ष, सक्षम, गुणस्तरीय तथा अनुशासित जनशक्ति उत्पादनमा खेलेको भूमिका प्रशंसनीय रहेको बताए।

प्रहरी महानिरीक्षक कार्कीले प्रहरी संगठनको आधारशीला भनेकै अनुशासन र तालिम रहेको र त्यो आधारशिलालाई मजबुत बनाउन प्रतिष्ठानले विगत सात दशकदेखि दिँदै आएको योगदान स्मरणीय रहेको बताए।

उनले बदलिँदो सुरक्षा चुनौती, प्रविधिको तीव्र विकासलगायतमा आएको परिवर्तन र अपराधका नयाँ–नयाँ स्वरूपलाई मध्यनजर गर्दै प्रतिष्ठानले तालिम प्रणाली र तालिम प्रदान गर्ने शैलीमा गर्दै आएको समय सापेक्ष परिमार्जनको प्रयास सराहनीय रहेको बताए।

प्रहरी महानिरीक्षक कार्कीले प्रहरी तालिमको प्रभावकारिता अभिवृद्धिसँगै प्रहरी सेवाप्रति जनविश्वास बढाउन पनि गुणस्तरीय तालिम अपरिहार्य रहेको उल्लेख गर्दै अनुशासन र सेवाभावलाई प्रहरीको उदाहरणीय पहिचान बनाउनेकार्यमा प्रतिष्ठानको भूमिका अझ प्रभावकारी हुनुपर्नेमा जोड दिए।

प्रतिष्ठानका कार्यकारी निर्देशक, प्रहरी अतिरिक्त महानिरीक्षक शिद्धी विक्रम शाहले प्रतिष्ठानको गरीमा, विशिष्टता र व्यावसायिकतालाई अक्षुण्य राख्न प्रतिष्ठान परिवार सदैव कटिबद्ध रहेको बताए।

कार्यक्रममा प्रहरी महानिरीक्षक कार्कीले प्रहरीको प्रशिक्षणलगायत अन्य विभिन्न क्षेत्रमा विशेष योगदान पु¥याउनु हुने अवकाश प्राप्त प्रहरी निरीक्षक ठागाप्रसाद चौधरीलाई 'लाईफ टाइम एचिभमेन्ट अवार्ड' प्रदान गरे।

उनले प्रशिक्षण गतिविधिलाई व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन गरी दक्ष एवम् व्यावसायिक जनशक्ति उत्पादन गर्नमा उल्लेखनीय योगदान पुऱ्याई सर्वोत्कृष्ट तालिम केन्द्र बन्न सफल नेपाल प्रहरी शिक्षालय भरतपुर चितवनका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक तारादेवी थापालाई सर्वोत्कृष्ट तालिम केन्द्रको रनिङ शिल्ड सहित प्रशंसापत्र प्रदान गरे । सो अवसरमा उनले प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजद्वारा प्रकाशित 'प्रेरणा–२०८२'को लोकार्पण गरेको थियो। रासस

# सहयोग स्वरुप सवारीसाधान हस्तान्तरण

**काठमाडौं।**
भारत सरकारले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सहयोग स्वरुप तेस्रो चरणमा २२३ वटा हस्तान्तरण गरेको छ । गृह मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा गृहमन्त्री ओमप्रकाश अर्यालजलाई नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले प्रतिकात्मकरुपमा ती सवारी साधन हस्तान्तण गरे।

यसअघि भारतले पहिलो चरणमा ६१ वटा र दोस्रो चरणमा २५४ वटा सवारी साधान सहयोग स्वरुप उपलब्ध गराइसकेको गृहमन्त्रालयका सहसचिव एवंम प्रवक्ता आनन्द काफ्ले जानकारी दिए । भारत सरकारले नेपाली सेनाका लागि पनि थप ५० वटा सवारीसाधान उपलब्ध गराएको छ। उक्त सवारी साधान राजदूत श्रीवास्तवले प्रधानसेनापति अशोकराज सिग्देललाई हस्तान्तरण गरे । नेपाल प्रहरीलाई उपलब्ध गराउने कतिपय सामग्री प्राप्त भएको छ भने कतिपय प्राप्त हुने क्रममा रहेको प्रवक्ता काफ्लेले जानकारी दिए। रासस

# राष्ट्रियसभाको चालु अधिवेशन अन्त्य हुँदै



**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रियसभाको चालु अधिवेशन आउँदो फागुन १ गते राति १२ बजेदेखि लागू हुने गरी अन्त्य गरेका छन्।

नेपाल सरकार, मन्त्रिपरिषद्को यही माघ २६ गतेको सिफारिसमा नेपालको संविधानको धारा ९३ को उपधारा ९२० बमोजिम राष्ट्रपति पौडेलले सभाको अधिवेशनको अन्त्य गरेको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

सभाको १९औँ अधिवेशन यही माघ ४ गतेदेखि चालु भएको थियो। रासस

# जेन–जी विद्रोहपछि बङ्गलादेशमा पहिलो मतदान



**ढाका ।**
सन् २०२४ को जेन–जी नेतृत्वको विद्रोहले शेख हसिनाको सरकार अपदस्थ गरेपछि बङ्गलादेशले पहिलो पटक संसदीय निर्वाचनमा मतदान गरेको छ । वर्षौंको राजनीतिक अस्थिरतापछि भएको यो चुनावलाई देशको लोकतन्त्रको महत्त्वपूर्ण परीक्षाका रूपमा हेरिएको छ । बिहीबार बिहान ढिलो सुरु भएको मतदान मध्याह्नसम्म राजधानी ढाका र अन्य सहरका केन्द्रहरूमा उत्साहजनक सहभागितासहित अघि बढेको थियो । मतदान बिहीबारभर जारी रहनेछ भने नतिजा शुक्रबार सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

पूर्वप्रधानमन्त्री हसिना देशबाट बाहिरिएपछि र उहाँको अवामी लिग पार्टीमाथि प्रतिबन्ध लगाएपछि पहिलो पटक भएको यस निर्वाचनमा करिब १२ करोड ७० लाख मतदाता सहभागी हुन योग्य रहेका छन् । हसिना हाल भारतमा निर्वासनमा बस्दै आएको छ । बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का तारिक रहमान आगामी सरकार गठनका प्रमुख दावेदारका रूपमा देखिएको छ । उनि पूर्वप्रधानमन्त्री खालिदा जियाका पुत्र हुनुहुन्छ र १७ वर्ष लन्डनमा स्व–निर्वासनपछि गत डिसेम्बरमा स्वदेश फर्कएको थियो ।

उनले लोकतान्त्रिक संस्थाहरूको पुनर्निर्माण, विधिको शासन सुदृढीकरण र सङ्घर्षरत अर्थतन्त्र पुनर्जीवित गर्ने प्रतिबद्धता जनाएको छ । उनलाई चुनौती दिने शक्तिका रूपमा जमात–ए–इस्लामीको नेतृत्वमा ११ दलीय गठबन्धन अघि आएको छ । हसिनाको शासनकालमा प्रतिबन्धित उक्त इस्लामवादी दलले पछिल्लो समय प्रभाव बढाएको छ । यसले विशेषगरी महिला र धार्मिक अल्पसङ्ख्यक समुदायमा चिन्ता बढाएको छ । बङ्गलादेशमा करिब ९० प्रतिशत मुस्लिम र झण्डै आठ प्रतिशत हिन्दू समुदाय बसोबास गर्छन् ।

जमातका प्रमुख शफिकुर रहमानले मतदानपछि 'यो निर्णायक मोड हो' भन्दै जनताले परिवर्तन चाहेको बताएको छ । नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले निष्पक्ष र पारदर्शी मतदान गराउने प्रतिबद्धता जनाएको छ । करिब ५०० अन्तर्राष्ट्रिय पर्यवेक्षक र विदेशी पत्रकार उपस्थित रहेको जनाइएको छ, जसमा युरोपेली सङ्घ (इयु) र राष्ट्रमण्डलका प्रतिनिधिहरू पनि समावेश छन् । तीन सय ५० सदस्यीय संसद्मा ३०० सदस्य प्रत्यक्ष निर्वाचित हुनेछन् भने ५० सिट महिलाका लागि आरक्षित छन् ।

सांसदहरू बहुलताका आधारमा चयन हुनेछन् र संसद्को कार्यकाल पाँच वर्षको हुनेछ । एक उम्मेदवारको निधनपछि एउटा निर्वाचन क्षेत्रमा मतदान स्थगित गरिएको निर्वाचन आयोगले जनाएको छ । अघिल्ला वर्षहरूमा भएको हिंसा, अल्पसंख्यक र प्रेसमाथिका आक्रमण तथा विधिको शासन कमजोर बनेको अवस्थापछि यो चुनाव हुँदैछ । सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्रता पाएपछि बङ्गलादेशको राजनीति दलगत द्वन्द्व, सैन्य कू र मत हेरफेरका आरोपले प्रभावित हुँदै आएको छ । करिब ५० लाख पहिलो पटकका मतदाता यसपटक निर्णायक बन्न सक्ने अपेक्षा गरिएको छ ।

२८ वर्षीय मतदाता इकराम उल हकले यो पहिलो पटक स्वतन्त्र रूपमा आफ्नो मत व्यक्त गर्न पाएको अनुभव रहेको बताए । 'हामी चुनावलाई पर्वका रूपमा मनाइरहेका छौं', उनले भने, 'मलाई बङ्गलादेशमा ठूलो परिवर्तनको आशा छ ।' निर्वाचनसँगै राष्ट्रिय चार्टरअन्तर्गत प्रस्तावित संवैधानिक सुधारबारे जनमतसङ्ग्रह पनि गरिएको छ । बहुमतले समर्थन गरेमा नयाँ संसद्ले १८० कार्यदिनभित्र संवैधानिक सुधार परिषद् गठन गर्नेछ । प्रस्तावमा द्विसदनीय व्यवस्थापिका स्थापना र माथिल्लो सदनलाई संविधान संशोधनको अधिकार दिने व्यवस्था समावेश छ । बिएनपी र जमात–ए–इस्लामीले केही संशोधनपछि दस्तावेजमा सहमति जनाएका छन् । तर अवामी लिग र उसका केही पूर्व सहयोगीहरूलाई प्रक्रियाबाट बाहिर राखिएको भन्दै जनमतसङ्ग्रहको आलोचना पनि भइरहेको छ । यस चुनावले बङ्गलादेशको लोकतान्त्रिक भविष्यको दिशा तय गर्ने अपेक्षा गरिएको छ । रासस

# गाई प्रदर्शनीमा कामना कृषि फर्म सर्वोत्कृष्ट

**चितवन ।**
चितवनमा आयोजित राष्ट्रिय गाई प्रदर्शनी प्रतियोगितामा रत्ननगरस्थित कामना कृषि तथा पशुपक्षी फर्मको अर्जुन ढकालको गाई सर्वोत्कृष्ट घोषित भएको छ । ४०० पूणाङ्कमध्ये ३६२.५ अङ्क प्राप्त गर्दै उक्त गाई प्रथम बनेको हो । दूध उत्पादनमा अग्रणी मानिएको चितवनमा पहिलो पटक यस प्रकारको प्रतिस्पर्धात्मक मूल्याङ्कनसहितको गाई प्रदर्शनी आयोजना गरिएको हो ।

भरतपुरस्थित चितवन प्रदर्शनी केन्द्रमा जारी अन्तरराष्ट्रिय डेरी प्रदर्शनी–२०८२ अन्तर्गत बुधबार आयोजित प्रतियोगितामा विभिन्न नश्लका गाईलाई एकै स्थानमा भेला गरी पशु विज्ञहरूले स्वास्थ्य अवस्था, दूधालुपन, शारीरिक बनावट, हिँडाइ तथा प्रजननयोग्यता लगायतका आधारमा मूल्याङ्कन गरेका थिए । चार सदस्यीय निर्णायक समूहले अङ्क प्रदान गरेको थियो ।



प्रतियोगितामा शिवानी कृषि तथा पशुपक्षी फर्मका सञ्चालक शिवप्रसाद पौडेलको गाई ३५३.५ अङ्कसहित द्वितीय स्थानमा रह्यो भने कालिका पशु विकास केन्द्रका सञ्चालक चेतप्रसाद ढकालको गाई ३५२.५ अङ्कसहित तृतीय भयो । नोभा कृषि फर्मका सञ्चालक पदम तिवारीको गाई सान्त्वना स्थानमा परेको छ ।

गाई प्रतियोगिताका प्रमुख निर्णायक कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुरका एसोसिएट प्रोफेसर डा गोकर्ण गौतम रहेका थिए । त्यसैगरी गाई अनुसन्धान कार्यक्रम, रामपुरका विज्ञ डा उद्धव पनेरु, किसान आयोगका वरिष्ठ पशु विकास अधिकृत डा खगेन्द्र सापकोटा तथा अमेरिकी पशु विज्ञ डेनियल ली लेनी निर्णायक सदस्य रहेका थिए ।

निर्णायकहरूले प्रतियोगितामा सहभागी १७ वटा विभिन्न फर्मका गाईको स्वास्थ्य अवस्था, जातअनुसारको शारीरिक बनावट, हिँडाइ, दूधालुपन तथा प्रजननयोग्यता लगायतका आधारमा मूल्याङ्कन गरेका थिए । अन्य गाईको अङ्क पनि निकै नजिकै रहेको निर्णायक मण्डल संयोजक डा गौतमले बताए ।

डा गौतमले गाईको शारीरिक बनावट, थुनेलो लाग्ने सम्भावना, ब्याउन सजिलो वा गाह्रो हुने संरचना लगायतका विशेषताका आधारमा मूल्याङ्कन गरिएको जानकारी दिए । प्रदर्शनीमा ल्याइएका सबै गाई उत्कृष्ट रहेको उनको भनाइ थियो ।

सो अवसरमा आयोजक संस्था चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ लिमिटेडका अध्यक्ष किशोर बगालेले गाई प्रतियोगिता नेपालमा नयाँ अभ्यास भएको बताए । आगामी दिनमा पनि यसलाई निरन्तरता दिइने उनले जानकारी दिए । विदेशमा यस्ता प्रतियोगिता टेलिभिजन र मोबाइलमार्फत प्रत्यक्ष प्रसारण गरिने भए पनि नेपालमा यस्तो अभ्यास न्यून रहेको उनको भनाइ थियो ।

'डेरी उद्योगमा प्रविधि, अर्थतन्त्रमा समृद्धि' भन्ने नाराका साथ चितवन उद्योग सङ्घ र चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ लि.को संयुक्त आयोजनामा सञ्चालित अन्तरराष्ट्रिय डेरी एक्स्पो–२०८२ बिहिबार समापन भएको छ । रासस

# वार्षिक एक खर्ब बढीको आईटी सेवा निर्यात

**काठमाडौं ।**
सरोकारवालाहरूले आईटी क्षेत्रमा काम गर्नेहरूले वार्षिक सवा खर्ब रुपैयाँ बराबरको विदेशी मुद्रा आर्जन गरिरहेको बताएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले बुधबार आयोजना गरेको 'नेपाली आईटी उद्योगको अवस्था, अवसर र चुनौती' विषयक अन्तरक्रियामा उनीहरूले आईटी उद्योगबाट मुलुकले ठूलो लाभ लिनसक्ने बताए ।

नासआईटीका अध्यक्ष गौरवराज पाण्डेले एक अध्ययनमा सन् २०२२ मा यस क्षेत्रले रु ६७ अर्ब बराबरको सेवा निर्यात गरेको बताए । उनले नेपालमा डिजिटल सेवा र एआईको सम्भावना विषयमा प्रस्तुतीकरण दिँदै आईटी सेवाको विकासमार्फत नेपालको अर्थतन्त्रलाई सुदृढ बनाउन सकिने धारणा राखे ।



उनले सन् २०२२ यता आईटी क्षेत्रले सेवा निर्यात गरेर वार्षिक एक अर्ब डलर आम्दानी गरिरहेको अनुमान रहेको बताए ।

उनले भने, 'नेपालले विगतका औद्योगिक क्रान्तिहरू गुमायो, आईटीमार्फत भइरहेको क्रान्ति अब नेपालले गुमाउनुहुँदै, विश्वका विकसित देशहरूले यस क्षेत्रमा ठूलो लगानी गरेका छन्, नेपालमा पनि लगानीका लागि सरकारले सोअनुरुपको वातावरण बनाउनु आवश्यक छ ।'

नासआईटीका महासचिव अलिशा श्रेष्ठले नेपालमा यस क्षेत्रमा काम गर्ने कम्पनी र जनशक्ति बढ्दै गएको बताए। उनका अनुसार हाल नासआईटीले ८० वटा कम्पनी आबद्ध भइसकेको उनको भनाइ थियो ।

नासआईटीका कोषाध्यक्ष अभय पौडेलले यो क्षेत्र अहिले सेवामूलक उद्योगका रुपमा स्थापना भइसकेको उल्लेख गर्दै सरकारले यो क्षेत्रको विकासमा प्राथमिकतामा राख्नुपर्ने बताए। पौडेलले एक अर्ब डलरभन्दा बढीको निर्यातलाई आगामी १० वर्षमा ३० अर्ब डलर पुर्‍याउने र पाँच लाख रोजगारी सिर्जना गर्ने लक्ष्य हासिल गर्नका लागि नीतिगत सहजीकरण आवश्यक रहेको बताए ।

उनले कम्तीमा १० वर्षका लागि आयकरमा भारी छुट (पाँच प्रतिशतभन्दा कम) दिनुपर्ने आवश्यकता औँल्याए । भियतनाम र फिलिपिन्सजस्ता देशले यस्तै छुट दिएर आईटीमा प्रगति गरेको उनको भनाइ थियो ।

सरकारले १० करोडसम्मका सफ्टवेयर खरिदमा नेपाली कम्पनीहरूलाई नै पहिलो प्राथमिकता दिनुपर्ने नीति ल्याउन उनको सुझाव छ । ठूला विदेशी ठेक्कामा कम्तीमा ३० देखि ४० प्रतिशत काम नेपाली कम्पनीहरूसँग मिलेर गर्नुपर्ने सर्त राख्दा प्रविधि हस्तान्तरणमा मद्दत पुग्ने उनको तर्क छ ।

साथै कक्षा ५ देखि नै विद्यालयको पाठ्यक्रममा आईटी र एआईसम्बन्धी शिक्षा अनिवार्य गर्नुपर्ने, हाल स्नातक गरेका विद्यार्थीलाई पनि उद्योगको आवश्यकताअनुसार थप तालिम दिनुपर्ने अवस्था रहेकाले शिक्षा र उद्योगबीचको दूरी कम गर्नुपर्ने उनको भनाइ थियो ।

पर्यटन बोर्ड जस्तै आईटी क्षेत्रका समस्या समाधान र अन्तर्राष्ट्रिय बजारमा नेपालको ब्रान्डिङ गर्न छुट्टै 'आइटी प्रवर्द्धन बोर्ड' गठन गर्न आवश्यक रहेको उनको सुझाव छ ।

अमेरिका, अस्ट्रेलिया, बेलायत र जापानजस्ता मुख्य बजारहरूसँग दोहोरो करमुक्ति सम्झौता गरेमा लगानीकर्तालाई नेपालमा काम गर्न थप सहज हुने उनको भनाइ छ । रासस

# दक्षिण कोरियाका पूर्वगृहमन्त्रीलाई सात वर्ष कैद



**सियोल ।**
दक्षिण कोरियाका पूर्वगृहमन्त्री ली साङ मिनलाई सन् २०२४ मा तत्कालीन राष्ट्रपति युन सुक योलले घोषणा गरेको संक्षिप्त मार्सल ल कार्यान्वयनमा सहयोग गरेको अभियोगमा बिहीबार सात वर्षको जेल सजाय सुनाइएको छ ।

उनीविरुद्धको फैसला सोही सियोल अदालतका फरक न्यायाधीशबाट आएको हो । यो राष्ट्रपति युनविरुद्ध दायर विद्रोहसम्बन्धी मुद्दामा निर्णय आउनुभन्दा एक साताअघि सार्वजनिक भएको हो । युनमाथि लागेको विद्रोहको अभियोगमा अभियोजनकर्ताहरूले मृत्युदण्डको माग गरिरहेका छन् ।

अदालतले गृह मन्त्रालयको नेतृत्व सम्हालेका लीले मार्सल ल कार्यान्वयनमा सहयोग गरेको, सरकारको नीतिको आलोचना गर्ने सञ्चारमाध्यमहरूलाई पानी र बिजुली आपूर्ति काट्न प्रहरी र अग्नि नियन्त्रक प्रमुखहरूलाई आदेश प्रवाह गरेको ठहर गरेको छ । यद्यपि राष्ट्रियसभाका सांसदहरूले सैन्य र प्रहरी नाकाबन्दी तोड्दै सर्वसम्मत रूपमा मार्सल ल हटाउने निर्णय गरेपछि ती निर्देशनहरू कार्यान्वयनमा जान सकेका थिएनन् ।

लीले भने सञ्चारमाध्यमहरूलाई उपयोगिता सेवा कटौती गर्न कुनै निर्देशन प्राप्त नगरेको वा जारी नगरेको दाबी गरेका थिए। उनले राष्ट्रिय फायर एजेन्सीका पूर्वआयुक्त जनरल हेओ सेओक गोनसहितका अधिकारीहरूको गवाही अस्वीकार गरेका थिए । जसमा उनले फोनमार्फत त्यस्ता आदेश दिएको भनिएको थियो। मार्सल ल घोषणा गर्ने षड्यन्त्र वा योजना बनाएको आरोप पनि उनले अस्वीकार गरेका थिए ।

न्यायाधीश रयु क्युङ जिनले अन्य अधिकारीहरूको गवाही, सुरक्षा क्यामेरा दृश्य र उपलब्ध प्रमाणहरूले लीले युनको आदेश पालना गर्ने प्रयास गरेको स्पष्ट देखाएको बताए । उनका अनुसार मार्सल ल कार्यान्वयनमा लीले महत्त्वपूर्ण भूमिका खेलेको तथ्य निर्विवाद छ । तर पर्याप्त प्रमाण अभावका कारण अदालतले शक्तिको दुरुपयोगसम्बन्धी अर्को आरोपबाट उनलाई मुक्त गरेको छ ।

फैसलापछि ली हल्का मुस्कानसहित मौन रहेका थिए । उनका कानुनी टोलीले तत्काल अपिल गर्ने वा नगर्नेबारे कुनै प्रतिक्रिया दिएको छैन । अभियोजनकर्ताहरूले उनका लागि १५ वर्ष जेल सजाय माग गरेका थिए । मार्सल ल प्रकरणमा दोषी ठहर हुने ली युनको मन्त्रिमण्डलका दोस्रो सदस्य हुन्। यसअघि पूर्वप्रधानमन्त्री हान डक–सूलाई २३ वर्ष जेल सजाय सुनाइएको थियो जसविरुद्ध उनले अपिल गरेका थिए । रासस

# टी–२० विश्वकपः नेपालको लज्जास्पद हार

**मुम्बई ।**
आईसीसी टी–२० विश्वकप २०२६ अन्तर्गत आफ्नो दोस्रो खेलमा नेपाल इटलीसँग १० विकेटले पराजित भएको छ । एन्थोनी मोस्का र जस्टिम मोस्काले उत्कृष्ट ब्याटिङ गर्दै शतकिय साझेदारी गरेपछि नेपालले दिएको १२४ रनको लक्ष्य इटलीले १२.४ ओभरमा पूरा गरेको हो । टी–२० विश्वकपको नेपाल पहिलो पटक १० विकेटले पराजित भएको थियो ।

समूह सी मा नेपालको यो लगातार दोस्रो हार हो । यसअघि पहिलो खेलमै दुई पटकको टी–२० विश्वकप विजेता इंग्ल्याण्ड विरुद्ध ४ रनले पराजित भएको थियो । लगातार दुई हारपछि अंकविहिन नेपालको सुपर एट सम्भावना कमजोर बनेको छ । पहिलो खेलमा स्कटल्याण्ड विरुद्ध पराजित भएको इटलीले भने टी–२० विश्वकपमा आफ्नो पहिलो जित हात पारेको हो । यस संस्करणमा डेब्यु गर्ने एक मात्र टोली इटलीले विश्वकपमा आफ्नो दोस्रो खेलमा पहिलो जित हात पारेको हो ।



इंग्ल्याण्ड विरुद्ध ठूलो स्कोर पछ्याउँदा पनि नेपालले उत्कृष्ट ब्याटिङ गरेको भन्दै विश्वभरबाट प्रंशसा भएको थियो । तर इटली विरुद्ध भने नेपालको ब्याटिङ फितलो बन्दा १२३ रनमै अलआउट भए । इटलीका मोस्का दाजुभाई (एन्थोनी र जस्टिन) ले लक्ष्य पछ्याउने क्रममा उत्कृष्ट सुरुवात दिलाएका थिए । मोस्का ब्रदर्सले ६ ओभरको पावर प्लेअकै ६८ रन बनाउँदै इटलीको जितको आधार बनाएका थिए ।

दुवैले ११औं ओभरमा आफ्नो अर्धशतक पूरा गरेका थिए । सन्दीप लामिछानेले बलिङ गरेको उक्त ओभरको चौथो बलमा जस्टिनले सिंगल लिएर अर्धशतक पूरा गरेका थिए भने अर्को बलमा एन्थोनीले छक्का हान्दै अर्धशतक बनाए । त्यसअघि मुम्बईस्थित वानखेडे स्टेडियममा टस हारेर पहिले ब्याटिङ गरेको नेपालले १९.३ ओभरमा १२३ रनमा अलआउट भएको हो । इटलीको स्पीनरको उत्कृष्ट बलिङ सामु नेपाली ब्याटरहरुले संघर्ष गर्दा पूरा ओभर समेत ब्याटिङ गर्न सकेन ।

नेपालको लागि आरिफ शेखले सर्वाधिक २७ रन बनाए । रोहित पौडेलले २३ र आसिफ शेखले २० रन जोडे । बाँकी खेलाडीले २० रनको आँकडा समेत छुन सकेनन् । करण केसीले केमियो इनिङ्स खेल्दै अविजित १८ रन जोड्दा उपकप्तान दीपेन्द्र सिंह ऐरीले १७ रन जोडे । नेपालबाट आशा गरिएका ओपनर कुशल भुर्तेल र पहिलो खेलमा इंग्ल्याण्ड विरुद्ध आक्रमक ब्याटिङ गरेका लोकेश बम इटली विरुद्ध चल्न सकेनन् । दुवै जना सिंगल डिजिट स्कोरमा आउट भए ।

नेपालको स्कोर ८ रनमात्र हुँदा ओपनर कुलश भुर्तेल व्यक्तिगत ५ रन बनाएर पहिलो विकेटको रुपमा आउट भए । पहिलो विकेट गुगेपछि कप्तान रोहित र आसिफ शेखले ४१ रनको साझेदारी गर्दै नेपालको इनिङ्स बिल्ड गर्दै सेट भएका थिए । तर नेपालको स्कोर ४९ हुँदा दुवै खेलाडी आउट भए ।

कप्तान रोहितले आज केही छिटो ब्याटिङ गर्दै १४ बलमा २ छक्का प्रहार गरी २३ रन बनाए । अर्का ओपनर आसिफले २० बलमा २० रन जोड्दा २ चौका प्रहार गरे । इटलीका विकेटकिपर जियन पिएरो मिडले निकै चलाखीपूर्ण तरिकाले आसिफलाई स्टम्प गराएका थिए ।

त्यसपछि उपकप्तान दीपेन्द्र सिंह ऐरी र आरिफ शेखले नेपालको इनिङ्स सम्हाल्दै अघि बढाए । चौथो विकेटका लागि यो जोडीले ४४ रनको साझेदारी गरे । उपकप्तान दीपेन्द्रल १८ बलमा १७ रन बनाएर आउट भए । पहिलो खेलमा इंग्ल्याण्ड विरुद्ध आक्रमक ब्याटिङ गर्दै सबैको प्रशंसा पाएका लोकेश बम आज ५ बल खेल्दै ३ रन बनाएर आउट भए । एक छेउ सम्हालिरहेका आरिफ शेख नेपालको स्कोर १०० पुगेपछि छैटौ विकेटका रुपमा आउट भए । त्यसपछि १७औं ओभरमा नेपालले २ विकेट गुमायो । गुल्सन झा ४ बलमा ३ रन बनाएर आउट भए । उनलाई क्रिसन कालुगमागेले आउट गरे । सोही ओभरमा नन्दन यादव खाता नखोली रनआउट भए । त्यसपछि करण केसीर सन्दीप लामिछानेले २१ रनको साझेदारी गरे । करणले ११ बलमा अविजित १८ रन जोडे ।

नेपालको इनिङ्सलाई दबाबमा राख्न इटलीका स्पीनर हावी भए । इटलीका स्पीनर मिलेर ६ विकेट लिएका थिए । इटलीका लागि लेगस्पीनर क्रिसन कालुगमागेले सर्वाधिक ३ विकेट लिए । यस क्रममा उनले ४ ओभरमा १८ रन खर्चिए । यस्तै अफ ब्रेक बलिङ गर्ने बेन्जामिन मानेन्टीले ४ ओभरमा ९ रन मात्र खर्चेर २ विकेट लिए ।

गम महिना अष्ट्रेलियामा भएको बिग बास लिगमा सिड्नी सिक्सर्सबाट खेलेका उनी त्यसलगत्तै इटली टिममा समावेश भएका थिए । टी२० विश्वकपअघि उनले जम्मा ३ विकेट लिएका थिए । आज जेपाल विरुद्धको प्रदर्शन उनको उत्कृष्ट बलिङ प्रदर्शन हो । अर्का स्पीनर जेजे स्मट्सले १ विकेट लिए । यस बाहेक पेस बलर अली हसन र जसप्रित अलीले १–१ विकेट लिए ।

नेपालका एक खेलाडी रनआउट भए । नियमित कप्तान वायन म्याडसने स्कटल्याण्ड विरुद्ध पहिलो खेलमा घाइते भएपछि आज ह्यारी मानेन्टीले इटलीको कप्तानी गरेका थिए ।

# विकास आयोजना तथा कार्यक्रमको प्रगति समीक्षा

**काठमाडौं ।**
रक्षा मन्त्रालयअन्तर्गतका निकायबाट चालू आर्थिक वर्ष २०८२–८३ मा सञ्चालित विभिन्न विकास आयोजना तथा कार्यक्रमको दोस्रो त्रैमासिक अवधिसम्मको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको छ ।



मन्त्रालयका सचिव केदारनाथ शर्माको अध्यक्षतामा भएको बैठकमा रक्षा मन्त्रालय र अन्तर्गत निकायबाट चालु आवको दोस्रो त्रैमासिक अवधिसम्म सञ्चालन भइरहेका कार्यक्रम तथा विकास आयोजनाको हालसम्मको प्रगति स्थितिबारे अद्यावधिक जानकारी प्रस्तुत गरिएको थियो ।

चालू आवको पुस मसान्तसम्म रक्षामन्त्रालय र मातहत निकायमा विनियोजित कुल बजेटको ४५ दशमलव ८२ प्रतिशत खर्च भएको छ । यसैगरी चालु आवमा फछ्र्यौट गर्नुपर्ने कुल तीन अर्ब ६५ लाख बेरुजुमध्ये छ प्रतिशत प्रगति मात्र हासिल भएको छ। बैठकमा आयोजना कार्यान्वयनमा देखिएका समस्या र चुनौतीबारे पनि छलफल भएको छ ।

यस अवधिमा सञ्चालित कुल आठ वटा ठूला विकास निर्माण आयोजनामध्ये नेपाली सेनालाई जिम्मेवारी प्राप्त खाँदबारी–किमाथाङ्का सडक करिडोर, कर्णाली करिडोर, बेनीघाट आरुघाट लार्केभञ्ज्याङ, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय र बङ्कर टु ब्यारेक कार्यक्रम गरी पाँच वटाको प्रगति ८० प्रतिशतभन्दा माथि रहेको जानकारी दिइयो ।

काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजना, दार्चुला टिङ्कर (तुषारपानी–टिङ्कर) सडक आयोजना र राष्ट्रिय चुरे संरक्षण कार्यक्रम गरी तीन आयोजनामा विभिन्न कारणहरूले ८० प्रतिशतभन्दा कम प्रगति हासिल भएको मन्त्रालयले जनाएको छ ।

समीक्षा अवधिमा काठमाडौँ–तराई–मधेश द्रुतमार्ग सडक आयोजनाअन्तर्गत सुरुबिन्दु खोकना खण्डलगायत समस्याग्रस्त क्षेत्रको समस्या समाधानका लागि विभिन्न उच्चस्तरीय अनुगमन÷निरीक्षण भई समस्या समाधानका लागि विभिन्न प्रयासहरू गरिएको जानकारी दिइयो ।

यसैगरी चालू आवको पुस मसान्तसम्म सुत्केरी २० जनासहित ३५ जनाको हवाई उद्धार गरिएको, देशका विभिन्न भागमा भएका आगलागी तथा डढेलो नियन्त्रणका लागि एक हजार ३८९ जना फौज खटिएको तथा विभिन्न जिल्लामा विविध घटनामा परेका दुई हजार ७२७ जनालाई उद्धार गरिएको जानकारी दिइयो ।

यसैगरी मुलुकका विभिन्न २५ जिल्लाका २९ स्थानमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी १३ हजार ८८७ जनालाई स्वास्थ्योपचार सेवा उपलब्ध गराइनुका साथै तीन सय ५२ जनालाई सर्पदंश उपचार सेवा प्रदान गरिएको व्यहोरा प्रस्तुत गरिएको थियो ।

सेनाबाट प्रकृति संरक्षण र अन्तर्राष्ट्रिय शान्ति स्थापना सम्बन्धमा भए गरेका कार्यहरूबारे पनि बैठकमा जानकारी दिइयो । मन्त्रालयका सचिव शर्माले चालु आवमा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाको आगामी दिनमा थप प्रगति हासिल गर्ने गरी कार्य सम्पादन गर्न सम्बन्धित आयोजना प्रमुखलाई निर्देशन दिए । खासगरी राष्ट्रिय गौरवको काठमाडौँ–तराई–मधेस द्रुतमार्ग सडक आयोजनाको प्रगतिको गति बढाउन र पुँजीगत खर्चमा उल्लेख्य सुधार हुने गरी कार्य गर्न उनले जोड दिए ।

सचिव शर्माले सबै आयोजना प्रमुखलाई चालू आवको बाँकी अवधिमा निर्धारित लक्ष्यबमोजिमका प्रगति र 'माइलस्टोन' हासिल गर्ने गरी तथा बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखी कार्य गर्न निर्देशन दिए।

बैठकमा मन्त्रालयका योजना तथा अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखा प्रमुख सहसचिव कृष्ण पौडेलले मन्त्रालय र नेपाली सेनाअन्तर्गत चालू आवमा सञ्चालित विकास आयोजना तथा कार्यक्रमको हालसम्मको प्रगति स्थिति तथा आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्या तथा चुनौतीबारे प्रस्तुतीकरण राखेका थिए ।रासस

# दुई हजार ३ सय सहकारीलाई दर्ता अभिलेखीकरण

**काठमाडौँ ।**
राष्ट्रिय सहकारी नियमन प्राधिकरणले करिब दुई हजार ३०० सहकारीलाई दर्ता अभिलेखीकरण गरेको छ । सहकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउने उद्देश्यका साथ प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने देशभरका सम्पूर्ण सहकारीलाई दर्ता अभिलेखीकरण सुरु गरेको हो ।




सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्र बचत तथा ऋणलाई मुख्य कारोबारका रूपमा सञ्चालन गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरीवेक्षण गर्ने प्रमुख जिम्मेवारी प्राधिकरणलाई दिइएको छ ।

ती सहकारीले प्राधिकरणमा दर्ता अभिलेखीकरण नगरी कारोबार गरेमा त्यसलाई गैरकानुनी मानिने तथा उनीहरूको वासलात परीक्षण, नवीकरण प्रक्रिया रोकिने भएकाले प्राधिकरणले बचत तथा ऋण सहकारी संस्थालाई कर्जा सूचना केन्द्रको सदस्यता लिनसमेत निर्देशन दिइएको छ ।

प्राधिकरणका निर्देशक केशव भट्टराईका अनुसार सहकारी ऐन २०७४ को दफा ८१ अनुसार बचत तथा ऋण सहकारी संस्थाले कर्जा सूचना केन्द्रमा आबद्ध भएर सूचना आदान–प्रदान गर्नुपर्ने व्यवस्था छ ।

बचतकर्ताको निक्षेप सुरक्षणका लागि तथ्याङ्क व्यवस्थापन प्रणाली र ऋण कारोबारसम्बन्धी सूचना आदान–प्रदानको व्यवस्था गरिएको उनले जानकारी दिए ।

सहकारी ऐनअनुसार बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी कर्जा कारोबारसम्बन्धी सूचना नियमित आदान–प्रदान गर्नुपर्ने उल्लेख छ ।रासस

# स्वास्थ्य बिमाबापतको उपचार सेवा यथावत्

**काठमाडौँ ।**
स्वास्थ्य बिमा बोर्डले बीमितले पाउँदै आएको रु एक लाखको उपचार सेवा सुविधा नघटाइएको स्पष्ट पारेको छ । बिमा गरेबापतको रु एक लाख बराबर उपचार शुल्क यथावत् राखिएको बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिए । उनले बीमा कार्यक्रमअन्तर्गत रु तीन हजार ५०० बराबरको योगदान बराबर पाँच जना परिवारले पाउने वार्षिक कुल रु एक लाख बराबरको उपचार सेवाको सीमा यथावत् राखिएको बताए ।

बोर्डले रु २५ हजार ओपिडी सेवा र रु ७५ हजार अस्पतालमा भर्ना तथा आकस्मिक सेवाका लागि प्रयोग गर्न सकिने गरी छुट्याइएको सूचना अधिकारी मल्लले बताए । स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि रु तीन हजार ५०० बराबरको योगदानका आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ । यस्तै, थप प्रतिसदस्य रु सात सयका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान रहेको छ ।

बोर्डले अनावश्यक रूपमा हुने ओपिडी सेवाको प्रयोग र दोहोरोपन रोक्न तथा गम्भीर, जटिल र ज्यान जोखिममा पर्ने रोगको उपचारका लागि स्रोत सुनिश्चित गर्नका लागि सेवाको रकम छुट्याएकाले सोहीअनुसार प्रयोग गर्न पनि आग्रह गरेको छ । सूचना अधिकारी मल्लले भने,पाँच जनाको परिवारले वर्षभरिमा बढीमा रु दुई हजार ५०० बराबरको बहिरङ्ग सेवा (ओपिडी) सेवा लिन पाउने व्यवस्था छ । पाँच जनाभन्दा बढी सदस्य भएका प्रतिसदस्यले थप रु पाँच हजार बराबरको ओपिडी सेवा कायम गरिएको छ ।

हाल स्वास्थ्य बिमाको बजेटको ७० प्रतिशतभन्दा ठूलो हिस्सा सामान्य बिरामीको ओपिडी सेवामा नै खर्च भइरहेको छ ।

यसले गर्दा परिवारमा कसैलाई गम्भीर रोग लाग्दा वा महँगो शल्यक्रिया आवश्यक पर्दा बिमाको रकम अपर्याप्त हुने र बिरामीको आफ्नै खल्तीबाट ठूलो रकम खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको जानकारहरू बताउँछन् ।

बोर्डका सूचना अधिकारी मल्लले वास्तविक बिरामीको उपचारमा बिमाको रकम खर्च गर्ने उद्देश्यका साथ ओपिडी, अस्पताल भर्ना र शल्यक्रिया जस्ता अलग अलग शीर्षकमा खर्च तोकिएकाले त्यसको पालना गर्न आग्रह गरे ।रासस

# नेपाल फिस्कल ड्यासबोर्ड सार्वजनिक

**काठमाडौँ ।**
विश्व बैंकले नेपाल फिस्कल ड्यासबोर्ड सार्वजनिक गरेको छ । बिहिबार आयोजित कार्यक्रममा विश्व बैंकका प्रतिनिधिले नेपालको सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी जानकारी दिने उद्देश्यले उक्त ड्यासबोर्ड सार्वजनिक गरेको हो ।




उक्त ड्यासबोर्डमा सङ्घ, प्रदेश र स्थानीय तहसँग सम्बन्धित वित्तीय जानकारी उपलब्ध हुनेछ । ड्यासबोर्डमा प्रमुख वित्तीय तथ्याङ्कलाई एकीकृत र सहज रुपमा प्राप्त गर्न सकिनेछ । विश्व बैंकका अनुसार ड्यासबोर्डमा सङ्घ, प्रदेश र स्थानीय तहको आम्दानी, खर्च र वित्तीय व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्क उपलब्ध हुनेछ ।

उक्त तथ्याङ्कलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिने छ । सरकार, नागरिक समाज तथा विकास साझेदारहरुसँगको परामर्शपछि ड्यासबोर्ड तयार पारिएको विश्व बैंकले जनाएको छ । प्रयोगकर्ताले विश्व बैंकको वेबसाइटमा गइ उक्त ड्यासबोर्ड प्रयोग गरी आवश्यक तथ्याङ्क लिन सक्नेछन् । ड्यासबोर्डमा विभिन्न आर्थिक वर्षको बजेट, राजस्व, चालु तथा पुँजिगत खर्च तथा वित्तीय व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गर्न सकिन्छ ।

त्यस अवसरमा अर्थमन्त्रालयका उपसचिव हिक्मतबहादुर भण्डारीले यसप्रकारको ड्यासबोर्ड निकै उपयोग भएको उल्लेख गर्दै सरकारले पनि सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी ड्यासबोर्ड निर्माणको तयारी गरिरहेको बताए । उनले भने, अबको एक वर्षभित्रमा उक्त ड्यासबोर्ड तयार भइ सार्वजनिक हुनेछ ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष शिवराज अधिकारीले ड्यासबोर्डको उपयोगिताका सम्बन्धमा धारणा राख्दै यो सरोकारवाला निकाय, नीति निर्माता, अनुसन्धानकर्ता, पत्रकार तथा विद्यार्थीका लागि उपयोगी हुनेमा जोड दिए । ड्यासबोर्ड विश्व बैंकको वेबसाइटमा गएर हेर्न सकिन्छ ।

विश्व बैंकका सार्वजनिक क्षेत्र विज्ञ यासिहिरो साइतोले उक्त ड्यासबोर्ड धेरैका लागि उपयोगी हुने अपेक्षा गरिएको बताए । उनले ड्यासबोर्डको म्यानुअल पनि वेबसाइटमा उपलब्ध भएकाले प्रयोगकर्ताका लागि सहज हुने उल्लेख गर्दै आगामी दिनमा सुझावका आधारमा थप परिस्कृत गरिने बताए ।रासस

# टुँडिखेलमा महाशिवरात्रि तथा सेना दिवसको पूर्वाभ्यास

**काठमाडौं ।**
नेपाली सेना स्थापनाको २६३औं वार्षिकोत्सवका अवसरमा बिहिबार सैनिक मञ्च टुँडिखेलमा महाशिवरात्रि तथा सेना दिवस–२०८२ को पूर्वाभ्यास कार्यक्रम सम्पन्न भएको छ। उक्त पूर्वाभ्यास कार्यक्रमको प्रधानसेनापति अशोकराज सिग्देलले निरीक्षण गरे ।



सो कार्यक्रममा प्रधानसेनापति सिग्देलले श्री नं १ विपद् व्यवस्थापन गण, श्री नं २ विपद् व्यवस्थापन गण र राष्ट्रिय विपद् व्यवस्थापन शिक्षालयलाई युनिट झण्डा प्रदान गरे। प्रधानसेनापति सिग्देलले केन्द्रीय सैनिक ड्रिल प्रतियोगिता २०८२ मा प्रथम र द्वितीय हुने क्रमशः श्री उपत्यका पृतना र श्री मध्य पश्चिम पृतनालाई पुरस्कृत गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

सो अवसरमा प्रधानसेनापति सिग्देलले प्रधानसेनापति ब्यानर प्रतियोगिता २०८२ मा युद्धक गण, युद्ध मद्दती गण र युद्धक गुल्मतर्फ प्रथम हुने क्रमशः नयाँ श्रीनाथ गण, त्रिनेत्रदल गण र ईन्द्रदल गुल्म लगायत उक्त प्रतियोगिताको विभिन्न विधाहरूमा प्रथम हुने युनिटहरूलाई पुरस्कृत गरे।

उनले प्रकृति संरक्षण ट्रफि प्रतियोगिता–२०८२ अन्तर्गत गण तथा गुल्म तहमा प्रथम हुन सफल चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ नयाँ गोरख गण र शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ सङ्ग्राम शार्दूल गुल्मलाई प्रकृति संरक्षण ट्रफी तथा पुरस्कार प्रदान गरे ।

कार्यक्रममा प्रधानसेनापति सिग्देलले सेना दिवस–२०८२ को उपलक्ष्यमा प्रधानसेनापति प्रशंसा निशान प्राप्त गर्ने रथीवृन्द, अधिकृत, पदिक तथा अन्यदर्जालाई प्रधानसेनापति प्रशंसा निशान प्रदान, मानार्थ उपसेनानी दर्जामा पदोन्नति भएका पदिकलाई दज्र्यानी चिन्ह प्रदान गरेका थिए । कार्यक्रममा उनले अवकाशपश्चात् विभिन्न तवरबाट समाजमा पु¥याएको योगदानको कदरस्वरूप उत्कृष्ट भूतपूर्व सैनिक तथा परिवारजनलाई समेत पुरस्कृत गरेका थिए ।

सेना दिवस–२०८२ हरेक वर्ष महाशिवरात्रिका दिन सैनिक मञ्च टुँडिखेलमा विविध कार्यक्रमका साथ मनाइँदै छ । यस वर्ष महाशिवरात्रि पर्व आगामी फागुन ३ मनाइँदै छ।रासस

# अफ्रिकन स्वाइनफिभर जोखिमबाट उच्च सतर्कता अपनाउन आग्रह



**काठमाडौं ।**
कृषि तथा पशुपक्षी विकास मन्त्रालयले हाल सुङ्गुर÷बङ्गुरमा अफ्रिकन स्वाइनफिभरको जोखिम रहेकाले सम्बन्धित किसानलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । अहिलसम्म रोगविरुद्धको कुनै खोप उपलब्ध नभएकाले सुङ्गुर÷बङ्गुपालन फार्ममा जैविक सुरक्षा अपनाउन तथा अस्वाभाविक रूपमा सुङ्गर, बङ्गुर मरेमा तत्काल सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका पशु सेवा केन्द्र वा सम्बन्धित निकायलाई खबर गर्न मन्त्रालयले आग्रह गरेको हो ।

घरपालुवा सङ्गुर, बङ्गुर तथा जङ्गली बँदेल प्रजातिमा विषाणुका कारण अफ्रिकन स्वाइनफिभर लाग्ने भएकाले ती पशुमा उच्च ज्वरो (१०४ देखि १०७ डिग्री) आउने, कान पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुनेलगायत लक्षण देखिन्छ । पशुको शरीरमा निलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छट्पटाउने गर्दछन् । यसबाट पशुको मृत्युदर उच्च हुने भए पनि पशुबाट मानिसमा भने नसर्ने मन्त्रालय अन्तर्गत कृषि, सूचना तथा प्रशिक्षण केन्द्रका डा सञ्जीव पण्डितले बताए । उनका अनुसार केन्द्रले सङ्क्रमण फैलिन नदिन किसानलाई आवश्यक सतर्कता अपनाउन सन्देशमूलक सूचना प्रवाह गरेको छ ।

यस्ता लक्षण भएका सुङ्गर, बङ्गुर तथा त्यसका पाठापाठी वा अन्य पशुको सम्पर्कमा आएमा मासुजन्य वस्तु एक स्थानबाट अर्को स्थानमा ओसारपसार गर्ने क्रममा सजिलै सङ्क्रमण फैलिने जोखिम भएकाले उच्च सर्तकता अपनाउन उनले सबैलाई आग्रह गरे । तीन वर्षअघि नेपालमा पहिलो पटक अफ्रिकन स्वाइनफिभरको सङ्क्रमण फेला परेको केन्द्रले जनाएको छ । काठमाडौँ उपत्यका तथा आसपासका क्षेत्रमा दश हजार भन्दाबढी सुङ्गुर तथा बङ्गुरमा सङ्क्रमण फैलिएको जनाइएको छ ।रासस

# निर्वाचन सामग्री आयोगमा आउन सुरु

**काठमाडौँ ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक छपाइ सामग्री छापिएर निर्वाचन आयोगमा आउन सुरु भएको छ ।

कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको छापाखानामा छापिएका मतदान निर्देशिका, मतगणना निर्देशिका, निर्वाचनसम्बन्धी ऐन, नियम र अन्य निर्देशिका आवश्यकमात्रामा छापिई सकेर आयोगमा आउने क्रम सुरु भएको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । छापिएर आएका छपाइ सामग्री पनि निर्वाचनका अन्य सामग्रीसँगै ७७ वटै जिल्लामा पठाउने गरी तयारी भएको छ ।

प्रतिष्ठानबाट पहिलो चरणमा पाँच हजार छपाइ सामग्री आएको उनले सुनाए । बाँकी सामग्री पनि अब क्रमशः आएपछि जिल्ला जिल्लामा पठाउन तयारी अवस्थामा राखिने छ । मतपत्र भने जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ भइरहेको आयोगले जनाएको छ ।रासस

# क्षेत्रीय सहयोग आवश्यक होइन अनिवार्य छः नेपाल

**काठमाडौँ ।**
नेपालले बदलिँदो विश्व परिवेशमा क्षेत्रीय सहयोग आवश्यक मात्र नभई अनिवार्य भएको बताएको छ । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) कार्यक्रम समितिको ६२औँ बैठकमा परराष्ट्र सचिव तथा सार्क स्थायी समितिका अध्यक्ष अमृतबहादुर राईले उक्त कुरा बताएका हुन् ।

विश्वव्यापी चुनौती र अनिश्चितताका बीचमा क्षेत्रीय सहयोग आवश्यक मात्र नभई अनिवार्य भएको भन्दै उनले राष्ट्रिय प्रयास र विश्वव्यापी प्रक्रियाबीच सेतुका रूपमा क्षेत्रीय सहकार्य अत्यावश्यक भएको बताए । सार्कका महासचिव गोलाम सरवारले सार्कले चार दशकमा हासिल गरेका उपलब्धिको स्मरण गर्दै क्षेत्रीय सहकार्यको आकाङ्क्षालाई व्यवहारमा रूपान्तरण गर्नुपर्नेमा जोड दिए । बैठकमा बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, पाकिस्तान र श्रीलङ्काका वरिष्ठ अधिकारीहरू सहभागी छन् ।रासस

## पर्सा–१ मा प्रदीप यादवको छाप

# संकटमा अग्रपंक्ति, विकासमा देखिने परिणाम



**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्व खानेपानीमन्त्री तथा पर्सा निर्वाचन क्षेत्र नं. १ बाट दुई पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेकपा एमालेका उम्मेदवार प्रदीप यादवले आफ्नो राजनीतिक पहिचान भाषणभन्दा कामबाट बनाएको दाबी गरेका छन् । तीन पटक मन्त्री र दुई कार्यकाल सांसद रहँदा उनले पर्सा–१ मा पाँच दर्जनभन्दा बढी विकास आयोजना अघि बढाएको उनको सचिवालयले जनाएको छ । तीमध्ये धेरै योजना सम्पन्न भई सञ्चालनमा आइसकेका छन्, केही निर्माणाधीन छन् भने केही शिलान्यासपछि कार्यान्वयन प्रक्रियामा छन् ।

२०७४ र २०७९ को निर्वाचनमा विजयी भएका यादवले खानेपानी, सडक, नाला, विद्यालय, अस्पताल र दलित आवासल गायतका क्षेत्रमा करोडौं रुपैयाँ बराबरका योजना ल्याएको उनका स्वकीय सचिव हरेन्द्र साह बताउँछन् । ‘पर्सामा प्रदीप यादवको पहिचान भाषणले होइन, कामले बनेको हो । जनताको सुख दुःखमा उहाँ निरन्तर साथ रहनुहुन्छ, संकटमा अग्रपंक्तिमै देखिनुहुन्छ,’ साहले भने ।

वीरगंजमा खानेपानीको चरम अभाव हुँदा र हैजाको महामारी फैलिँदा यादव जनतामाझ पुगेर सक्रिय भएको सचिवालयको दाबी छ । वन तथा वातावरण, खानेपानी, र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी सम्हाल्दा पनि उनले आफ्नो निर्वाचन क्षेत्रका समस्यालाई प्राथमिकतामा राखेको उल्लेख गरिन्छ । मन्त्री र सांसदको हैसियतमा रहँदा पर्सामा विकासको आधार तयार पार्ने जनप्रतिनिधिका रूपमा आफू स्थापित भएको यादवको दाबी छ ।

वीरगंजमा वर्षौंदेखि दोहोरिने खानेपानी संकटको दीर्घकालीन समाधानका लागि करिब साढे चार सय करोड रुपैयाँको खानेपानी आयोजना अघि बढाइएको छ । यससँगै सडक, ढलान, नाला, विद्यालय भवन तथा धार्मिक सांस्कृतिक पूर्वाधार निर्माणमा उल्लेखनीय बजेट विनियोजन भएको बताइन्छ ।

सडक पूर्वाधारतर्फ वीरगंज–१८ इनर्वादेखि भवानीपुर हुँदै ड्राइपोर्टसम्मको सडक स्तरोन्नतिका लागि ३ करोड रुपैयाँ छुट्याइएको थियो, जसले स्थानीय बासिन्दा मात्र होइन उद्योग व्यापारसँग जोडिएका सवारी साधनलाई समेत सहज बनाएको दाबी छ । वीरगंज–३१ सोलखपुर आसपास, वीरगंज–२२, मनियारी गाउँ पश्चिम, गढीमाई मन्दिर जोडिने सडक, वीरगंज–२१, तथा श्रीपुरस्थित नेपाल राष्ट्रिय विद्यापीठ माध्यमिक विद्यालय भवन निर्माणमा पनि ३–३ करोड रुपैयाँका योजना अघि बढेका छन् ।

ठूला योजनासँगै साना तर प्रभावकारी परियोजनामा पनि ध्यान दिइएको सचिवालय बताउँछ । वीरगंज–१४ पिपरामा १ करोड, वीरगंज–१५ भिस्वा त्रिशुल चोकदेखि ५० लाख, वीरगंज–१२ नेशनल ट्रेडिङदेखि रेडियो वीरगंज क्षेत्रसम्म ५० लाख, राधेमाई सडकमा ५० लाख, तथा वीरगंज–१३ नयाँ टोलको ईदगाह परिसरभित्र ६० लाख रुपैयाँको पूर्वाधार योजना ल्याइएको छ । यसबाहेक १५, २५ र ४० लाख रुपैयाँका दर्जनौं योजनाबाट विभिन्न वडामा सडक ढलान, नाला र आधारभूत पूर्वाधार निर्माण गरिएको उल्लेख छ । यादवको पहलमा वडा नं. ३१ प्रसोतीपुर–कोनिया–सोलखपुर–रामबन सडक, वडा नं. २१ इस्लामपुरदेखि जनता सडक, तथा वडा नं. २२ जगरनाथपुर आईसिपीदेखि पूर्वतर्फ सडक स्तरोन्नतिमा १–१ करोड रुपैयाँ विनियोजन भएको थियो । वीरगंज–१८ सूर्य मन्दिर पोखरी सौन्दर्यकरण र वीरगंज–१२ पारस साहको घरदेखि मनिर मियाँको घर हुँदै राजेन्द्र साहको घरसम्म ढलान सडक निर्माणका लागि पनि १–१ करोडका योजना अघि बढेका छन्, जसले धार्मिक र पर्यटकीय महत्व बढाएको दाबी छ । कोरोना महामारी, हैजाको प्रकोप र खानेपानी संकटका बेला समेत काठमाडौंमा नबसी आफू क्षेत्रमै खटिएको सचिवालयले स्मरण गराएको छ । ‘स्वास्थ्यको ख्याल नगरी संकटका बेला उहाँ जनतामाझ रहनुभयो, यो यहाँका बासिन्दाले आफ्नै आँखाले देखेका छन्,’ साहले बताए । पर्सा–१ मा प्रदीप यादवले संकटमा साथ र विकासमा परिणाम देखिने काममार्फत आफ्नो पहिचान स्थापित गरेको दाबी गरिएको छ ।

# भ्रमरका दुई कृतिको विमोचन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मैथिली साहित्यका स्थापित साहित्यकार राम भरोस कापडि ‘भ्रमर’का दुई कृति बिहीबार सार्वजनिक गरिएको छन् । बालबालिकाहरुको लागि ‘जंगलमे मंगल’ नाम गरेको बाल साहित्य र तीस देखि चालिस वर्ष पूर्व लिइएका अन्तरवार्ताहरुको संग्रह ‘गपसप’ विमोचित पुस्तकहरु छन् । यी कृति ‘भ्रमर’का एकावनौ र बाबनौ कृति रहेको छ । मैथिली विकास कोषद्वारा आयोजित विमोचन समारोहको अध्यक्षता कोषका अध्यक्ष जीवनाथ चौधरीले गरेका थिए । कार्यक्रममा अलिक फरक किसिमले विमोचन गरिएको थियो । ‘जंगलमे मंगल’ बाल साहित्यको विमोचन बाल कक्षाकै विद्यार्थीहरु कीर्ति ठाकुर र प्रिंस कापरले गरेका थिए भने अन्तरवार्ताको पुस्तक ‘गपसप’ को विमोचन दरभंगाबाट आएका विद्वान डा. योगनन्द झाले गरेका थिए ।

विमोचन पछि विमोचित पुस्तक गपसपको बारेमा आफ्नो विचार राख्दै साहित्यकार, समीक्षक रमेश रञ्जन झाले यो पुस्तक संग्रहणीय र ऐतिहासिक महत्वको भएको बताएका थिए ।

पुस्तकमा केहि दशक पूर्वमा नै लिइएका अन्तरवर्ताहरुमा माधव घिमिरे, गोबिन्द झा, पूर्व प्रधानमंत्री मातृका प्रसाद कोइराला, हिन्दीका सु्प्रसिद्ध कवि ‘अज्ञोय’, नेपाली कवि केदारमान ‘ज्यथित’, डा. आनन्द मिश्र, डा. मौन, जानकी मन्दिर बनाउने राजाका उत्तराधिकारी मधुकर शाह, डा. धीरेन्द्र, नेपाली नाटककार विजय मल्ल जस्ता चर्चित व्यक्तित्वहरु सामेल गरिएका छन् ।

प्राज्ञ रमेश रञ्जनले मिथिला कलाको वारेमा स्व. कृष्णकुमार कश्यप सँग लिइएको अन्तरवार्ता स्वयंमा निकै उपयोगी र पठनीय रहेको जिकिर गरेका थिए । प्रा. परमेश्वर कापडिले मैथिली बाल सहित्यमा ‘भ्रमर’ जीको ‘जंगलमे मंगल’ अवश्य पनि महत्वपूर्ण उपलब्धि हुने बताए । दरभंगाबाट आएका सुप्रसिद्ध साहित्यका, समीक्षक चन्देशले ‘भ्रमर’का दुबै कृति उनको विविध विद्यामा थप भएको मात्र हैन यसले मैथिली बाल साहित्य र अन्तरवार्ताको क्षेत्रमा ठूलो उपलब्धि भएको बताए ।

दरभंगाबाट आएका विद्वान समीक्षक डा. योगानन्द झाले ‘भ्रमर’का यी दुई कृति आफ्नो विद्यामा उपलब्धिमूलक रहेको र यसले मैथिलीको भण्डारलाई समृद्ध गर्ने विश्वास व्यक्त गरेका थिए । साहित्यकार, समीक्षक रोशन जनकपुरीले ‘भ्रमर’ सँग आफ्नो सम्बन्ध प्रति ध्यानाकर्षण गर्नुहुँदै दुबै कृति पठनीय र संग्रहणीय रहेको विचार व्यक्त गरे ।

लेखक रामभरोस कापडि ‘भ्रमर’ले मैथिली साहित्यको खाली विद्यामा आफ्नो रचनाहरु ल्याउने प्रयासकै क्रममा यी पुस्तकहरु आएको बताए । अन्तमा अध्यक्ष जीवनाथ चौधरीले पुस्तक विमोचन कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई धन्यवाद दिएका थिए ।

## रामगढवामा अशोक टेमानीको घरदैलो

# शिक्षा, स्वास्थ्य र रोजगारीका मुद्दामा मतदातासँग प्रत्यक्ष संवाद



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. २४ रामगढवामा जनता समाजवादी पार्टी (जसपा) बाट पर्सा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार अशोक टेमानीको घरदैलो अभियान उत्साहका साथ सम्पन्न भएको छ । स्थानीय बासिन्दासँग प्रत्यक्ष भेटघाट, संवाद र समस्या सुन्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा जसपाका नेता तथा पूर्वमन्त्री रमेश कुर्मी, जसपा नेतृ करिमा वेगम लगायत पार्टीका नेताकार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो ।

घरदैलो अभियानका क्रममा उम्मेदवार टेमानीले घरघर पुगेर मतदातासँग हातेमालो गर्दै उनीहरूको दैनिक जीवनसँग जोडिएका समस्या, अपेक्षा र सुझावलाई ध्यानपूर्वक सुनेका थिए ।

रामगढवाका बासिन्दाले विशेषगरी शिक्षा, स्वास्थ्य सेवा, बेरोजगारी, आधारभूत पूर्वाधारको अभाव तथा युवाहरूको पलायन जस्ता विषयलाई प्रमुख गुनासोका रुपमा उठाएका थिए । स्थानीय अभिभावकहरूले सामुदायिक विद्यालयको गुणस्तर सुधार, शिक्षक दरबन्दी व्यवस्थापन र छात्रछात्राको शैक्षिक वातावरण सुदृढ पार्न ठोस पहल आवश्यक रहेको बताए । त्यस्तै, स्वास्थ्य सेवामा सहज पहुँच नहुँदा सामान्य उपचारका लागि समेत टाढा जानुपर्ने बाध्यता रहेको उनीहरूको गुनासो थियो ।

युवाहरूले रोजगारीको अभावका कारण विदेशिनु पर्ने अवस्था आएको भन्दै स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने योजनाको माग गरे । महिला समूहहरूले स्वरोजगार, साना उद्यम प्रवद्र्धन, र सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याए । वृद्धवृद्धा तथा असहाय नागरिकहरूले सामाजिक सुरक्षा भत्ता वितरणमा देखिएका झन्झट र ढिलासुस्तीबारे ध्यानाकर्षण गराएका थिए ।

मतदाताका यिनै समस्या सुन्दै उम्मेदवार टेमानीले आफू निर्वाचित भएपछि शिक्षा, स्वास्थ्य र रोजगारीलाई प्राथमिक एजेण्डा बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय गर्दै विद्यालय सुधार कार्यक्रम, स्वास्थ्य चौकी सुदृढीकरण, र युवाहरूका लागि सीपमूलक तालिम तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने योजना रहेको बताए । ‘जनताको समस्या नै मेरो एजेण्डा हो, रामगढवाको आवाज संसदसम्म पु¥याउने दायित्व म लिन्छु,’ टेमानीले भने ।

कार्यक्रममा सहभागी पूर्वमन्त्री रमेश कुर्मीले जसपाले सदैव जनताको अधिकार, समावेशी विकास र सामाजिक न्यायका मुद्दालाई प्राथमिकतामा राख्दै आएको उल्लेख गरे । उनले अशोक टेमानी जनतासँग प्रत्यक्ष जोडिएको, जनभावना बुझ्ने र समाधानका लागि प्रतिबद्ध उम्मेदवार भएको भन्दै उनलाई जिताउन आग्रह गरे । जसपा नेतृ करिमा वेगमले महिलाको सशक्तीकरण, शिक्षा र स्वास्थ्यमा सुधार ल्याउन जसपाको स्पष्ट दृष्टिकोण रहेको बताउँदै मतदातालाई परिवर्तनका लागि साथ दिन अपिल गरिन् ।

घरदैलो कार्यक्रमले रामगढवामा चुनावी माहोल थप तातेको देखिएको छ । स्थानीय बासिन्दाले उम्मेदवारसँग प्रत्यक्ष संवाद गर्ने अवसर पाएकोमा सन्तुष्टि व्यक्त गरेका थिए । मतदाताको घरआँगनमै पुगेर समस्या सुन्ने र समाधानको प्रतिबद्धता जनाउने शैलीले उम्मेदवार टेमानीप्रति सकारात्मक धारणा बनेको सहभागीहरूको भनाइ थियो ।

यस प्रकारको घरदैलो अभियानले मतदाता र उम्मेदवारबीच विश्वासको सम्बन्ध मजबुत बनाउने विश्वास जसपा नेताहरूले व्यक्त गरेका छन् । रामगढवाबाट सुरु भएको यो अभियान पर्सा क्षेत्र नं. २ का अन्य वडाहरूमा समेत निरन्तर सञ्चालन गरिने जनाइएको छ ।

# अख्तियार बर्दिवास कार्यालयमा धनुषाका उजुरी धेरै



**जनकपुरधाम ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासमा धनुषा जिल्लाका भ्रष्टाचारसम्बन्धी उजुरी सबैभन्दा बढी दर्ता भएका छन् । कार्यालयका अनुसार चालु आर्थिक वर्षका पछिल्ला छ महिनामा दुई हजार ५२५ वटा उजुरी दर्ता भएकामा धनुषाका ७८० उजुरी छन् । प्रदेश राजधानी रहेको यस जिल्लामा १८ वटा पालिका रहेका छन् ।

कार्यालयका उपसचिव प्रकाश पोखरेलले दर्ता भएका उजुरीमध्ये ८१२ वटा उजुरी फछ्र्यौट भएका र एक हजार ७१३ उजुरी छानबिनको क्रममा रहेको बताए । उनका अनुसार दर्ता भएका उजुरीमध्ये ७२ दशमलव ६१ प्रतिशत स्थानीय तहसँग सम्बन्धित रहेका छ । जिल्लागत रूपमा सबैभन्दा बढी धनुषाका ७८०, महोत्तरीका ५१४, सिरहाका ४८१, सर्लाहीका ३९७ र सबैभन्दा कम सोलुखुम्बू जिल्लाका ३९ वटा उजुरी दर्ता भएका छन् ।

आयोगमा दर्ता भएका उजुरीहरूको ‘स्क्रिनिङ’ गरी प्रारम्भिक तथा विस्तृत छानबिनमार्फत तामेली गर्ने, आवश्यक कारबाहीका लागि लेखी पठाउने वा अदालतमा अभियोजन गर्ने प्रक्रिया अपनाउने गरिएको उपसचिव पोखरेलले बताए ।

‘चालु आवका छ महिनामा ६०५ उजुरी तामेली, १० वटा सुझावसहित तामेली, ७९ मा आवश्यक कारबाहीका लागि लेखी पठाइएको छ । यसैगरी ११८ उजुरी एकीकरण गरिएको छ’, उनले भने ।

आयोगको बर्दिवास क्षेत्रीय कार्यालयअन्तर्गत मधेश प्रदेशका सिरहा, धनुषा, महोत्तरी र सर्लाही, कोशी प्रदेशका ओखलढुङ्गा, खोटाङ र सोलुखुम्बू, बागमती प्रदेशका सिन्धुली र रामेछाप पर्दछन् । मधेशका रौतहट, बारा र पर्सा आयोगको कार्यालय हेटौँडामा तथा सप्तरी इटहरीको कार्यालयको क्षेत्राधिकारमा पर्ने गरेको छ ।

आयोगको बर्दिवास कार्यालय प्रमुख रामबहादुर कुरुम्वाङले भ्रष्टाचार नियन्त्रण गर्न आयोग सदाचार, निष्पक्षता र निर्भिकताका साथ काम गर्न प्रतिबद्ध रहेको बताए । रासस

# इन्टरपोलको समन्वयमा दश जनालाई विदेशबाट ल्याइयो



काठमाडौँ ।
स्वदेशमा अपराध गरी विदेश भागेका दश जनालाई नेपाल प्रहरीले अन्तरराष्ट्रिय प्रहरी सङ्गठन(इन्टरपोल) सँगको समन्वयमा नेपाल फिर्ता ल्याएको छ ।

चालु आर्थिक वर्षमा ११ जनाविरूद्ध ‘रेड नोटिस’ र तीन जनाविरूद्ध ‘डिफ्युजन’ जारी भएकामा रेड नोटिस जारी भएका आठ र डिफ्युजन जारी भएका दुई जनालाई इन्टरपोलको समन्वयमा विभिन्न देशबाट पक्राउ गरी स्वदेश ल्याइएको नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अबि नारायण काफ्लेले बताए ।

अघिल्लो आर्थिक वर्षमा ३४ जनाविरूद्ध रेड नोटिस र दुई जनाविरूद्ध डिफ्युजन जारी भएकोमा १७ जना रेड नोटिस जारी भएका र तीन जना डिफ्युजन जारी भएका प्रतिवादीलाई पक्राउ गरी नेपाल फिर्ता ल्याइएको थियो ।

इन्टरपोलसँगको समन्वयमा फरार प्रतिवादीहरूलाई पक्राउ गर्न एवं अन्तरराष्ट्रियस्तरमा फरार प्रतिवादीहरूलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन नेपाल प्रहरी सदैव क्रियाशील रहेको बताउँदै उनले अपराध गरेर संसारको जुनसुकै कुनामा लुके पनि उनीहरूलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरी प्रतिबद्ध छ भने ।

मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न, निर्वाध ढङ्गले आसन्न निर्वाचन सम्पन्न गर्न तथा अपराध अनुसन्धान एवं नियन्त्रणमा नेपाल प्रहरी अझ सक्रिय भई विभिन्न सुरक्षा रणनीति अवलम्बन गरी कार्यक्षेत्रमा जुटेको प्रवक्ता काफ्लेले बताए । फरार प्रतिवादीहरूको अन्तरराष्ट्रियस्तरमा खोजतलासको लागि नेपाल प्रहरीअन्तर्गतको नेशनल सेन्ट्रल ब्युरो (एनसिबी) को अनुरोधमा इन्टरपोल महासचिवालयले नोटिस जारी गर्दै आएको छ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन